जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २५ • अंक २७५ • २०८० साल फाल्गुन १९ गते शनिबार (2 March, Saturday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-


## सुरुङ्ग निर्माण कार्य अन्तिम चरणमा

टुडे समाचारदाता

जनकपुरधाम । संघीय सरकारको राष्ट्रिय गौरवको बहुउद्देश्यीयसुनकोशीमरिनडाइर्भसन आयोजना अन्तर्गत सुरुङ्ग निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

२०७७ फागुन २० मा सिन्धुलीको कमलामाई नगरपालिका -२ कुसुमटारमा शिलान्यास भइ सो आयोजना अन्तर्गत अहिले सम्म सुरुङ्गको ८० प्रतिशत कार्य सम्पन्न भएको छ । कुल १३.३ किलोमिटर लामो दुरी सम्म सुरुंङ्ग खन्नुपर्नेमा अहिले ८० प्रतिशत सुरुंङ्ग खन्ने काम पूरा भएको आयोजना प्रमुख मित्र बरालले जानकारी दिए।

संघीय सरकारको ४९ अर्ब ५२ करोड ३१ लाख कुल लागत रहेको सो आयोजना निर्माणमा हालसम्म करीब १२ अर्ब रुपैयाँ खर्च भइसकेको आयोजना प्रमुख बरालले बताए। चिनियाँ कम्पनी चाइना ओभरसिज इन्जिनियरिंगले ठेक्का लिएको सो आयोजना सम्पन्न भइ सञ्चालनमा आएपछि तराई मधेशको कुल एक लाख २२ हजार हेक्टर क्षेत्रफलमा सिंचाई सुविधा उपलब्ध हुने छन्।



नेपालका विद्युत तथा अन्य सिंचाईको आयोजनाहरुमा सुरुंग निर्माण भएपछि सुनकोशी नदीको पानी मरिनखोलामा झारेर विद्युत उत्पादन गर्ने र मधेश प्रदेशको एक लाख २२ हजार हेक्टर क्षेत्रफलमा सिंचाई सुविधा उपलब्ध गराउन लक्ष्य संघीय सरकारले लिएको छ।

चुरे पर्वत श्रृंखलाबाट महाभारत पर्वत श्रृंखलामुनि हाल सुरुंग निर्माण भइसकेको छ र कडा चट्टानयुक्त क्षेत्र भएकोले काम गर्न अप्ठ्यारो भए पनि समयमै आयोजना सकिने प्रमुख बरालले बताए । सुनकोशी गाउँपालिका -७ कानदुङ्ग स्थित सिन्धुली र रामेछाप जिल्लाको सिमाना भएर बग्ने सुनकोशी नदीमा सो पानी मिसाइने छन् । सुनकोशीको करीब ६७ क्वीसेट पानीलाई सुरुंग मार्फत सिन्धुलीको कमलामाई नगरपालिका -२ कुसुमटार स्थित सो पानी मरिन खोलामा खलालिनेछन् । त्यसपछि उक्त पानी सर्लाहीको बागमती सिंचाई आयोजनाको पूर्वाधार प्रयोग गरी मधेश प्रदेशको धनुषा, महोत्तरी, सिरहा, सर्लाही, रौतहट र बारा जिल्लाको एकलाख २२ हजार हेक्टर क्षेत्रफलमा सिंचाई सुविधा उपलब्ध हुनेछन् ।

यो आयोजनाबाट ३१ मेगावाट बराबरको विद्युत समेत उत्पादन गरिने लक्ष्य लिएको छ । सुनकोशी मरिनडाइभर्सनको आयोजना पूरा भइ संचालनमा आएपछि मधेश प्रदेशमा सिँचाईको ठूलो टेवा पुग्ने जानकार हरुको विश्वास छ ।

### शीर्ष नेताहरु एक्कै मञ्चमा

## देउवा र नेपालसित ओलीको अछुत व्यवहार

टुडे समाचारदाता

नारायणघाट । भरतपुर महानगरले भ्रमण वर्ष मनाइ रहँदा उद्घाटन समारोहमा मुलुककै शीर्ष नेताहरु एक्कै मञ्चमा उपस्थित भए पनि उनीहरुबीचको तिक्तता छताछुल्ल भए । राजनीतिक उतारचढावका कारण सवै राजनीतिक दलका नेताहरु एक ठाउँमा आउन नसकेको अवस्थामा नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी लगायतका शीर्ष नेतृत्वहरु शुक्रवार उपस्थित भएका थिए।

प्रधानमन्त्री पुष्पकमल दाहालकी पुत्री प्रमुख रहेका भरतपुर महानगरपालिकाले शुक्रबार नारायणी नदीको किनारमा भ्रमण वर्षको समुद्घाटन समारोह आयोजना गरेका थिए । खास गरी पूर्व प्रधानमन्त्रीहरुलाई आमन्त्रण गरिएको सो अवसरमा प्रधानमन्त्री प्रचण्डसँगै पूर्व प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरवहादुर देउवा ,नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, नेकपा एसका अध्यक्ष माधवकुमार नेपाल, वरिष्ठ नेता झलनाथ खनाल समेत उपस्थित थिए।

नेकपा एमालेका अध्यक्ष ओली कार्यक्रम स्थलमा पुग्नु भन्दा अगावै कार्यक्रम प्रारम्भ भएको थियो । उनी कार्यक्रम स्थलमा आउँदा सिधै मञ्चमा नै पुगेका थिए । सो अवसरमा उनले प्रधानमन्त्री



प्रचण्डसंग शिष्टाचार गरे पनि नेकपा एसका अध्यक्ष नेपाल र नेपाली कांग्रेसका सभापति देउवासंग भने अछुतो व्यवहार देखाएका थिए। प्रधानमन्त्री प्रचण्डसंग हात मिलाए पछि उनी नेकपा एसका वरिष्ठ नेता झलनाथ खनालसंग पनि हात मिलाए तर, देउवा र नेपाललाई बेवास्ता गरेका थिए।

सत्तागठबन्धन घटक दल नेपाली कांग्रेसको भर्खरै सम्पन्न महासमितिको बैठकबाट पारित गरिएको केही बिषयमा भने माओवादी अध्यक्ष तथा प्रधानमन्त्री प्रचण्ड असन्तुष्ट छन् । उनी बिहीबार एक कार्यक्रमलाई सम्वोधन गर्दै गठबन्धन भत्किन सकिने संकेत गरेको भोलि पल्टै एक्कै मञ्चमा उभिनु र ओलीको अछुतो व्यवहारले समेत ओली सत्तागठबन्धनलाई भत्काएर नयाँ समीकरणको तयारीमा लागेको राजनीतिक विश्लेषकहरुको भनाइ छ।

आलो पालो सरकारको नेतृत्व गर्ने, राष्ट्रिय सभाको अध्यक्षमा नेपाली कांग्रेसको दावी, नेपाली कांग्रेसका कारण राष्ट्रिय सभाको निर्वाचनमा कोशी प्रदेशमा माओवादी केन्द्रका उम्मेदवारको पराजय लगायतका कारणहरुले समेत सत्ता गठबन्धनमा अविश्वास र विवाद देखिएको छ। सत्तागठबन्धनमा अविश्वास र विवाद देखिए नयाँ गठबन्धनको भाजो हाल्न केपी ओलीले पासो थापेको हुन सक्ने राजनीतिक जानकारहरु बताउँछन्।

प्रधानमन्त्री प्रचण्ड सरकारलाई आफ्नै नेतृत्वमा निरन्तरता दिने सोचमा देखिएका छन् । विगतमा सत्तागठबन्धनमा भएको सहमति अनुसार सरकारको नेतृत्व परिवर्तन गरी नेकपा एसका अध्यक्ष माधवकुमार नेपाललाई प्रधानमन्त्री दिनु र त्यसपछि पाँचौ बर्षमा नेपाली कांग्रेसका सभापति देउवाको नेतृत्वमा सरकार गठन गरी २०८४ को आम निर्वाचनसमेत उनकै नेतृत्वको सरकारले गर्ने सहमति भएको थियो । तर, प्रचण्ड भने एमाले संग गठबन्धन गरेर भए पनि सरकारलाई निरन्तरता दिने योजनामा छन्।

चितवनको भ्रमण वर्ष उद्घाटन समारोहले देशका शीर्ष नेताहरुले चाँडै सत्ता गठबन्धन फेर्ने तयारीमा रहेको संकेत दिएको राजनीतिक वृत्तमा चर्चा चलेको छ ।राष्ट्रिय सभाको अध्यक्षका लागि सत्ता गठबन्धनका प्रमुख दल कांग्रेस र माओवादीबीच रस्साकस्सी छ।

एमालेका अध्यक्ष पदमुक्त हुन लागेको बेला माओवादीले त्यसमा दावी गरेको छ । तर कांग्रेसले राष्ट्रिय सभाको अध्यक्ष सहमतिमै पाउने विश्वासमा रहेको सभापति देउवाले बताउँदै आएका छन् । कांग्रेसमा रहँदा पार्टीलाई क्षति भएको बताउने नेताहरुले पनि राष्ट्रिय सभा चुनावमा गठबन्धनलाई धक्का नलाग्ने बताउन थालेका छन्।







# एनसेल र ईएन्ड इन्टरनेसनल बीच उत्कृष्ट डिजिटल सेवा र ग्राहक अनुभव प्रदान गर्न समझदारी

**टुडे समाचारदाता**

जनकपुरधाम । एनसेलले बुधबार (फागुन १६) आफ्नाग्राहकहरूलाई उत्कृष्ट डिजिटल अनुभवप्रदान गर्न, नलेज सेयरिङसम्बन्धी गतिविधिहरू सञ्चालन गर्न र मुख्य सेवा, सुविधा तथा प्लेटफर्महरू उपलब्ध गराउन ईएन्ड इन्टरनेसनलसँग रणनीतिक समझदारी गरेको छ।

यो सम्झौतामा एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक जाब्बोर कायुमोभ र ईएन्ड इन्टरनेसनलका चिफ बिजनेस अफिसर खालेद मोहम्मद रियदले बार्सिलोनामा भएको मोबाइल वर्ल्ड कंग्रेसका अवसरमा हस्ताक्षर गरेका हुन् । ईएन्ड इन्टरनेसनल संयुक्त अरब इमिरेट्सको एतिसलात ब्रान्डको दूरसञ्चार कम्पनी चलाउने ईएन्ड ग्रुपको एक अंश हो ।




समझदारी पत्र अनुसार, दुवै पक्षले कस्टमर भ्यालु म्यानेजमेन्ट (सीभीएम) र एड्भान्स्ड एनालिटिक्स, बीटुसी र बीटुबी सेल्स एन्ड मार्केटिङ लगायतको व्यावसायिक सहायता, ग्राहक अनुभव, खरिद, नेटवर्क क्यापेक्स एन्ड ओपेक्स अप्टिमाइजेसन, इन्टरनेसनल क्यारियर एन्ड होलसेल, मोबाइल नेटवर्क कोड (एमएनसी) सर्भिसेज सपोर्ट र डिजिटल रूपान्तरण लगायत क्षेत्रमा सहकार्य गर्नेछन् ।

यो सहकार्य आय बढाउन, नवीन सेवाहरू सञ्चालनमा ल्याउन, खरिद र नेटवर्क सुदृढीकरणमा बचत गर्न, अन्तर्राष्ट्रिय लामो दूरीको व्यवसाय र डिजिटल सोलुसन्स बढाउन महत्त्वपूर्ण हुनेछ। यसकालागि एनसेल र ईएन्ड इन्टरनेसनलले नेपालकाग्राहकको डिजिटल यात्रा सजिलो हुने गरी ठोस र प्रभावकारी नतिजा प्रदान गर्नेछन् ।

"ईएन्ड इन्टरनेसनलसँगको यो रणनीतिक साझेदारी एनसेलको टेल्कोबाट डिजिटल टेकको बन्ने यात्राको महत्त्वपूर्ण उपलब्धि हो । यो साझेदारी नेपालको डिजिटल विकासमा योगदान पुऱ्याएर डिजिटल रूपान्तरणलाई गति दिने हाम्रो प्रतिबद्धता अनुरूप छ," सम्झौतापछि एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक जाब्बोर कायुमोभले भने, "ईएन्ड इन्टरनेसनलको नेतृत्व र पार्टनर नेटवर्क प्रोग्रामको बृहत् अनुभवका साथ यो सहकार्यले एनसेललाई असीम अवसरहरूका साथ सशक्त बनाउने कुरामा हामी विश्वस्त छौं । ईएन्ड इन्टर नेसनलका साथ हामी हाम्रा ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आफ्ना सेयर धनी, व्यावसायिक साझेदार र सम्पूर्ण दूरसञ्चार क्षेत्रको प्रगतिमा योगदान पुऱ्याउन तयार छौं। मोबाइल कनेक्टिभी भन्दा बाहिर समेत नेटवर्क पूर्वाधार विस्तारलाई प्राथमिकता दिइरहेको अवस्थामा हामी डिजिटल नेपाल भिजनको उद्देश्य प्राप्त गर्ने लक्ष्यमा योगदान पुऱ्याउन प्रतिबद्ध रहेको स्पष्ट पार्न चाहन्छौं, जुन हाम्रो थिम 'हेयर फर यू'अर्थात 'हामी तपाईंकै लागि'मा आधारित छ।"

ईएन्ड इन्टरनेसनलका चिफ बिजनेस अफिसर खालेद मोहम्मद रियदले एनसेलसँगको साझेदारी नेपालका उपभोक्ता र व्यवसायीहरूलाई कनेक्टिभिटी र डिजिटल रूपान्तरणका लाभ दिलाउने नयाँ अध्याय भएको बताए । "स्थानीय बजारबारे एनसेलको गहिरो बुझाइ र विश्वस्तरीय डिजिटल सञ्जाल विकास गर्ने हाम्रो विशेषज्ञताको संयोजनबाट यस डिजिटल युगमा नेपालको प्रगतिलाई गति दिन मद्दत गर्न सक्छौं भन्ने कुरामा म विश्वस्त छु," उनले भने, "पूर्वाधारलाई अप्टिमाइज गरेर, कनेक्टिभिटी बढाएर र सेवाहरूमा नयाँ अवसर पहिल्याएर हामी सबै नेपालीकालागि साँच्चै कनेक्टेड र समावेशी डिजिटल भविष्य निर्माणमा सघाउने लक्ष्य राख्छौं । यो सुरुवात मात्र हो । नेपालको महत्त्वाकांक्षी डिजिटल भिजनलाई साकार पार्न रणनीतिक साझेदारको रूपमा के गर्न सक्छौं, त्यो गर्न हामी तत्पर छौं ।"

यसैगरी सामझदारी अन्तर्गत एनसेलले ईएन्ड इन्टरनेसनलको सहयोगमा डिजिटल र परम्परागत माध्यमको सदुपयोग गर्दै रियल टाइम र कन्टेक्सचुअल मार्केटिङ गर्ने, मेसिनलर्निङ र एआई मोडलहरूको बृहत्तर उपयोग गर्दै उत्कृष्ट एनालिटिक्स कार्यान्वयन गर्ने र बिग डाटा स्रोतहरूको प्रयोगमार्फत सान्दर्भिक र पर्सनलाइज्ड अफरहरू ल्याउनेछ। कम्पनीले आफ्नो ग्राहक आधार वृद्धि, वितरक र विक्रेताहरूको व्यवस्थापन लगायतका विषयमा रणनीतिक दिशा तय गर्नेछ।

एनसेल र ईएन्ड इन्टरनेसनलले नेटवर्क अप्टिमाइजेसन, दुर्गम क्षेत्रकालागि लागतमैत्री समाधान, ग्रिनफिल्ड एनालिसिसका लागि अप्टिमाइजेसन, नेटवर्क कार्यसम्पादन मूल्यांकन (क्राउडसोर्सिङ), प्रत्यक्ष सोर्सिङमार्फत भ्यालु क्रियसन र सेवा लगायत अन्य क्षेत्रमा सहकार्य गर्नेछन् । एनसेलले क्यापेक्स र ओपेक्सलाई घटाउँदै ग्रामीण तथादुर्गम क्षेत्रहरूमा भ्वाइस र डाटा सेवा प्रभावकारी बनाउने उद्देश्यले प्राविधिक समाधानहरूको डिजाइन र पहिचानमा नेतृत्व गर्नेछ।

क्यारियर र होलसेल सेवाहरूको सन्दर्भमा एनसेलले ईएन्ड ग्रुपअन्तर्गत विश्वभरका ८५० भन्दा बढी सेवा प्रदायकहरूको नेटवर्कमा आबद्ध भएर रोमिङमा एसएमएस र भ्वाइस सेवामार्फत ग्लोबल फुटप्रिन्टको लाभ उठाउन सक्नेछ । त्यसैगरी डिजिटल सोलुसन्सअन्तर्गत प्रविधिमा अभ्यस्त युवाहरूलाई 'बेस्ट इन क्लास' डिजिटल अनुभव प्रदान गरिनेछ।

यस समझदारी अन्तर्गत हुने सबै रणनीतिक योजना र समन्वयबारे निरीक्षण तथा छलफल गर्न एनसेल र ईएन्ड इन्टरनेसनलले आ-आफ्नो तर्फबाट संयोजक तोक्नेछन्।

# लागूऔषधविरुद्ध विशेष अभियान

**टुडे समाचारदाता**

जनकपुरधाम । लागूऔषध सेवन गर्ने २६ जनालाई धनुषा प्रहरीले एकै दिन नियन्त्रणमा लिएको छ । धनुषा प्रहरीले लागुऔषधविरुद्ध थालेको विशेष अभियानअन्तर्गत तेस्रो पटक बुधबार २६ जनालाई नियन्त्रणमा लिइएको छ।

इलाका प्रहरी कार्यालय लग्मा जटही र जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको जाँचकी टोलीले भारतको पिपरोनबाट जटही नाका हुँदै लागूऔषध सेवन गरी नेपालतर्फ आउँदै गरेको २६ जनालाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता रञ्जन अवाँले जानकारी दिए।

उनीहरुलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान र कारबाहीको लागि जिल्ला प्रहरी कार्यालयमा ल्याइएकोमा थप अनुसन्धानपश्चात् २५ जनालाई छोडिएको र सोमध्ये एकजनामाथि लागुऔषध शीर्षक मुद्दा चलाइएको प्रवक्ता अवाँले बताए। बिहीबार लागुऔषध सेवनकर्ता २५ जनालाई सम्झाइबुझाइ अभिभावकको जिम्मा लगाइएको र धेरै मात्रामा लागुऔषध बरामद भएकामा एकजनाविरुद्ध मुद्दा चलाइएको उनले बताए।

करिब दुई महिनाअघिदेखि थालिएको अभियानअन्तर्गत पहिलोपटक ४५ जना, दोस्रो पटक ३४ जना र तेस्रोपटक २६ जनालाई प्रहरीले नियन्त्रणमा लिएको थियो। जसमध्ये पहिलोपटक चार जना, दोस्रोपटक दुई जना र तेस्रोपटक एक जना लागूऔषधसहित बरामद भएका व्यक्तिउपर मुद्दा चलाइएको प्रहरी नायब उपरीक्षक अवाँले जनाए।

भारत बिहारको खुला सीमासँग जोडिएको धनुषामा पछिल्ला समयमा लागुऔषधकै कारण विभिन्न आपराधिक घटना बढेपछि धनुषा प्रहरीले यो अभियान थालेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक एवं प्रमुख मित्रबन्धु शर्माले बताए। उता जाने लागूऔषध सेवन गर्ने र नेपालमा आएर अपराध गर्ने गतिविधि बढेपछि यसलाई निरुत्साहित गर्न धनुषा प्रहरी सक्रिय भएको उनले बताए।

करिब दुई महिनादेखि धनुषा प्रहरीद्वारा थालिएको यो अभियान निरन्तर चलिरहने उनको भनाइ छ। "बोर्डरमा स्वीप अभियानअन्तर्गत लागूऔषध सेवनकर्ता र ओसारपोसामा संलग्न धमाधम समातिँदै छन्", उनले भने, "नियन्त्रणमा लिएकालाई एकरात हिरासतमा राख्ने त्यसपछि अर्कोदिन बिहान परामर्श दिने, कक्षा लिने, उनीहरुको रेकर्ड हेर्ने र अभिभावकलाई अनिवार्य रुपमा बोलाएर उनीहरुको अगाडि पनि लागूऔषधको नकारात्मक असरबारे बताउँदै सकारात्मक सन्देश लिएर छोड्ने गरेको छु।"

"युवा बिग्रे देश बिग्रिन्छ, युवा कुलतमा लाग्यो भने समाज र देश कहिलै माथि उठ्दैन", त्यसैले युवालाई कुलतबाट बचाउन हामीले यस्तो प्रयास थालेको प्रहरी उपरीक्षक शर्माको भनाइ छ।

# नागरिकका समस्या गम्भीर भएर समाधान गर्न सरकारको ध्यानाकर्षण

**टुडे समाचारदाता**

काठमाण्डु। प्रतिनिधिसभाको शुक्रबारको बैठकमा सांसदहरुले नागरिकका विद्यमान समस्या गम्भीर भएर समाधान गर्न सरकारको ध्यानाकर्षण गराएका छन्।

उनीहरुले मिटरब्याजपीडित, लघुवित्त तथा सहकारी पीडित र दुग्ध उत्पादक किसानका समस्या समाधानका लागि गम्भीर बन्न संसद्मार्फत सरकारको ध्यानाकर्षण गराएका हुन्। यी समस्या समाधानका लागि सरकारले पहल नचालेको सांसदहरुको आरोप छ। प्रतिनिधिसभाको शुक्रबारको बैठकको विशेष समयमा बोल्दै सांसद दिपक गिरीले संसद्लाई सरकारले वास्ता नगरेको आरोप लगाए। मिटरब्याजपीडित २३ दिन पैदल हिँडेर काठमाडौं आइपुग्दासम्म पनि सरकारले वास्ता नगरेको, विभिन्न सहकारी संस्था धराशायी भएर बचतकर्ताको लगानी डुब्दा नियामक निकाय मौन बसको उनको भनाइ छ।

गत फेब्रुअरी २१ मा द पायोनियरमा छापिएको ' इन्डिया इज अन् द राइट ट्र्याक इन नेपाल' शीर्षकको लेखका विषय माथि सांसद रघुजी पन्तले संसद्मा आपत्ति जनाए। नेपालको चीनसँगको सीमानाका विषयमा विवादास्पद विषय लेखिएको र नेपालको राष्ट्रियता माथि धावा बोल्ने गरी उक्त लेख लेखिएको उनको दाबी छ।

सांसद रुपा सोशी (चौधरी) ले वर्षौंदेखि सुन्तलाखेती गर्दै आएका किसान पलायन भइरहेको विषय संसद्मा उठाए। नेपालभित्रै सम्भावना भए पनि युवा शक्ति विदेशिदा आन्तरिक उत्पादन घटिरहेको र परनिर्भरता बढिरहेको उनले उल्लेख गरे। सङ्घीयतालाई व्यवस्थित र परिणाममुखी बनाउन सङ्घीय कानुन निर्माणको आवश्यकता उनले औंल्याए। सांसद शिव नेपालीले दिनानुदिन बढिरहेका सडक दुर्घटना न्यूनीकरणका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराए। सडक दुर्घटना न्यूनीकरणका लागि अहिले चालिएका प्रयास अपर्याप्त रहेको पनि उनले बताए।

सांसद दिपकबहादुर सिंहले दुग्ध किसानले आफ्नो उत्पादनको मूल्य नपाएको विषय उठाए। मिटरब्याज, लघुवित्त र सहकारीपीडित जस्तै दुग्ध किसान पनि आन्दोलन गर्न काठमाडौंमा आउने स्थिति रोक्न सरकारसँग माग गरे। धार्मिक आस्थाको पाथिभरा क्षेत्रको जग्गा अतिक्रमण भइरहेको विषय सांसद सुशीला श्रेष्ठले संसद्मा उठाए।

लघुवित्तपीडित, मिटरब्याज पीडित, दुग्धपीडित किसानको समस्या समाधानका लागि सरकारले तत्काल कुनै निर्णय लिनुपर्ने माग सांसद राजेन्द्रप्रसाद पाण्डेले गरे। काठमाडौं महानगरपालिका सुरक्षाकर्मीले सडक व्यापारीमाथि ज्यादती गरेको आरोप उनले लगाए। बूढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजना निर्माणमा ढिलाइ गर्न नहुने उनको भनाइ छ।

सांसद अब्दुल खाँनले मधेस प्रदेशमा आर्थिक अनियमितता र भ्रष्टाचार बढिरहेको बताए। सांसद सर्वेन्द्रनाथ शुक्लाले विश्वसम्पदा सूचीमा रहेको लुम्बिनी क्षेत्र सरकारबाटै उपेक्षामा परेको बताए। लुम्बिनी क्षेत्रको विकासका लागि वार्षिक नीति तथा कार्यक्रम र बजेटमार्फत प्राथमिकताका साथ पहल गरिनुपर्ने माग सांसद उनले संसद्मा राखे। मिटरब्याज, लघुवित्त र सहकारीपीडितको समस्या समाधानका लागि सरकारले तत्काल पहल चाल्नुपर्ने माग सांसद लालवीर चौधरीले राखे।

## माइग्रेशन हरायो

निम्न लिखित व्यहोराको माइग्रेशन घरबाट सिराहा जाने क्रममा मिति २०८०।१०।१० गतेमा हराएको हुदा फेला पार्नु हुने व्यक्तिले उल्लेखित ठेगाना वा नजिकको प्रहरीमा खबर गरिदिन हुन् अनुरोध छ।

**नाम : हरि किशन सिंह**
**सिम्बोल नं.: २१६०५४८७**
**रजिष्ट्रेशन नं.:७८२१६०६५०००९**
**ठेगानाः मिर्चैया न.पा., सिरहा**
**मो.नं.९८४२८५०८१९**

## मोटरसाईकल हरायो

मेरो नाममा दर्ता रहेको म. प्र.०२-००६ प ४६९६ नम्बरको कालो रंगको च्याचिस नम्बर MD625AF35 N1E04782 ईञ्जिन नम्बर AF3EN1X00803 १२५ सीसीको टीभीएस कम्पनीको मोटरसाइकल मिति २०८०/११/०७ गते जि.धनुषा जनकपुरधाम उपमहानगर पालिका वडा नम्बर ८ जानकी हेल्थकेयरको अगाडी पार्किंग गरिराखेको अवस्थामा साँझ ६:३०देखि ६:४५ बजेको समयमा हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको नम्बरमा खबर गरिदिनु हुन अनुरोध छ।

**नामः निरञ्जन कुमार भण्डारी**
**जगदम्बा क्रेडिट एण्ड इन्भेष्टमेन्ट लि.**
**ठेगानाः जि.ध.जनकपुरधाम उपमनपा -८**
**मो. नं. ९८१४८८९५८९**

# सिटिजन्सबैंकको ९.९९५ घर कर्जा योजना सार्वजनिक




**टुडे समाचारदाता**

जनकपुरधाम । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आफ्नाग्राहकहरुलाई उत्कृष्ट बैंकिङ सेवा सुबिधाहरु प्रदानगर्ने क्रममा सपनाको घरलाई दिनुहोस आकार, सिटिजन्स घर कर्जाले पार्नेछ सपना साकारभन्ने नाराका साथ ७ वर्षको लागी स्थिर रहने गरि ९.९९५ मा घर कर्जा योजना सार्वजनिक गरको छ। ७ वर्ष पछि भने बैंकको प्रचलित औसत मासिक आधार दर भन्दा १५बढी को प्रिमियम दर लागु हुनेछ।कर्जा रकमको ०.५०५ व्यवस्थापन शुल्क लाग्नेछ। घर कर्जा अन्तर्गतका अन्य सुविधामा निःशुल्क क्रेडिट कार्ड , डेबिट कार्ड र पहिलो वर्षको लागि लकर सुविधा शुल्कमा ५० प्रतिशत शर्त सहितको छुट रहेको छ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १९० वटा शाखा, १५२ वटा ए.टि.एम. र ९७ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट १७ लाख २६ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदानगर्दै आएको छ।

# ग्लोबल आइएमई बैंकको नयाँ शाखा महोत्तरीको गौशालामा




**टुडे समाचारदाता**

जनकपुरधाम । ग्लोबल आइएमई बैंक लिमिटेडले महोत्तरी जिल्लाको गौशाला नगरपालिका-५, गौशालामा नयाँ शाखा कार्यालय सञ्चालनमा ल्याएको छ । बैंकको गौशाला शाखाबाट बिहिवार देखि नै सम्पूर्ण बैंकिङ्ग सेवाहरु उपलब्ध हुनेछन् ।

ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो।

बैंकको नयाँ शाखा कार्यालय सञ्चालन सगैं, ३५६ शाखा कार्यालय, ३७९ एटिएम, २७५ शाखा रहित बैंकिङ्ग सेवा, ६५ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्र रहेका छन।

ग्लोबल आइएमई बैंकलाई सबैंका लागि बैंक बनाउँदै बैंकले विभिन्न सेवा तथा सुविधा सहितका योजना मार्फत आफ्ना ४६ लाख भन्दा बढी ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गरी लावान्वित गरिरहेको छ।

त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : अवसर प्राप्त । |
| बृष | : वाद विवादबाट बच्नु । |
| मिथुन | : पुरस्कार प्राप्त लाभ । |
| कर्कट | : नयाँ कार्य हुने । |
| सिंह | : बौद्धिक क्षमता । |
| कन्या | : प्रतिभा सम्पन्नता । |
| तुला | : शिक्षामा उन्नति । |
| वृश्चिक | : पारिवाहिक सुख । |
| धनु | : धन वृद्धि सञ्चय । |
| मकर | : प्रेम प्रसंग, मित्र सुख । |
| कुम्भ | : सुख समृद्धि हुने । |
| मीन | : भ्रमण अवसर हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४५५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको अर्जुनी फाँटाबाट खरको भारी घरतर्फ ल्याउँदै महिला। निकुञ्जले मध्यवर्ती क्षेत्रका बासिन्दालाई घर गोठको छानो छाउन लगायतका कार्यमा प्रयुक्त हुने खर काट्न खुल्ला गरेको छ। *तस्विरः रासस*

# गठबन्धन नटुट्ने देउवाको भनाई

**टुडे समाचारदाता**

चितवन । नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवाले सत्तागठबन्धन दलबीच कुनै समस्या नरहेको बताएका छन् । भरतपुर भ्रमण वर्ष, २०२४ को उद्घाटन समारोहमा सहभागी हुन शुक्रबार यहाँ आउनुभएका पूर्वप्रधानमन्त्री देउवाले विमानस्थलमा पत्रकारहरूसँग संक्षिप्त कुराकानी गर्दै गठबन्धनले निरन्तरता पाउने बताए ।





एक पार्टीका नेता तथा कार्यकर्ताले अर्को पार्टीप्रति टिकाटिप्पणी गर्नुलाई सामान्य रुपमा लिनुपर्ने भन्दै उनले गठबन्धनमा कुनै समस्या नभएको बताए । पछिल्लो समय राष्ट्रियसभा अध्यक्षको हुने भन्ने विषयले चर्चा पाइहेको भन्दै उनले यस विषयमा गठबन्धनमा आबद्ध दलबीच छलफलपछि टुङ्गो लगाइने स्पष्ट पारे । "काङ्ग्रेस एक्लैले अध्यक्ष बनाउन सक्दैन, गठबन्धन दलबीच छलफलपछि मात्रै टुङ्गो लाग्छ", उनले भने ।

भ्रमण वर्षको उद्घाटन समारोहमा सहभागी हुन पूर्वप्रधानमन्त्री समेत रहेका सभापति देउवासँगै पूर्वप्रधानमन्त्री झलनाथ खनाल, पूर्वमन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी पुगेका छन् । कार्यक्रममा सहभागी हुन नेकपा (एमाले)का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओली पनि यहाँ आउने कार्यक्रम छ । सोही कार्यक्रमका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र पूर्वप्रधानमन्त्री एवम् नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल बिहीबार नै पुगेका थिए ।

नारायणी नदी किनारमा दिउँसो १ बजे भ्रमण वर्षको औपचारिक उद्घाटन हुनेछ । उद्घाटनअघि शुक्रबारै भरतपुरका विभिन्न ठाउँबाट बाजागाजा र झाँकीसहित र्‍याली निकालिएको छ ।

# बैङ्कका कर्मचारी पक्राउबारे निजी क्षेत्रको ध्यानाकर्षण

**टुडे समाचारदाता**

काठमाण्डु । कर्जा दुरुपयोगको विषयलाई लिएर बैङ्कका कर्मचारी पक्राउ परेकोप्रति निजी क्षेत्रका संस्थाहरूले ध्यानाकर्षण भएको जनाएका छन् ।

धितो मूल्याङ्कनलाई आधार बनाएर दिइएको कर्जाका सम्बन्धमा बैङ्क तथा वित्तीय संस्थाका कर्मचारी पक्राउ पर्नु दुःखद हो भन्दै नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ र नेपाल च्याम्बर अफ कमर्सले आ-आफ्नो ध्यानाकर्षण भएको जनाएका हुन् ।

धितो मूल्याङ्कनभन्दा अधिक कर्जा प्रवाह गरेको अभियोगमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले गत मङ्गलबार प्रभु बैङ्कका नायब प्रमुख कार्यकारी अधिकृत मनोज न्यौपाने र सेन्चुरी कमर्सियल बैङ्कका पूर्वप्रमुख कार्यकारी अधिकृत





तुलसी गौतमसहित १० जनालाई पक्राउ गरेको थियो । पछिल्लो घटनाले समग्र बैङ्किङ क्षेत्रको व्यावसायिकतामाथि नै आँच आएको निजी क्षेत्रको भनाइ छ ।

"विद्यमान कानुनी व्यवस्था, नियमनकारी निकायका नीति तथा निर्देशनमा रही काम गरिरहेका बैङ्क तथा वित्तीय संस्थाका कुनै पनि घटनामा प्रत्यक्ष संलग्न नभएका व्यक्तिलाई पदीय ओहोदा वा कागजातमा हस्ताक्षर गरेका कारण निजहरूले असल नियतबाट गरेको कामलाई बेवास्ता गरेको विज्ञप्तिमा जनाएको छ ।

बैङ्क तथा वित्तीय संस्थाहरूले विद्यमान ऐन तथा केन्द्रीय बैङ्कबाट जारी भएका निर्देशनहरूको अधीनमा रही निक्षेप सङ्कलन तथा कर्जा लगानी गर्ने कार्य सञ्चालन गरिहेको निजी क्षेत्रले जनाइएको छ ।

व्यावसायिक कर्जाको हकमा व्यवसायको कारोबार प्रकृतिअनुसार स्थिर पूँजी तथा चालू पूँजीतर्फ भिन्न-भिन्न प्रकारका कर्जा प्रवाह हुने गरेको निजी क्षेत्रका छाता संस्थाहरूले विज्ञप्तिमा उल्लेख गरेका छन् ।

# बैठकमा जवाफ दिन सभामुखको निर्देशन

**टुडे समाचारदाता**

काठमाण्डु । सभामुख देवराज घिमिरे प्रतिनिधिसभामा सांसदले उठाएको विभिन्न विषयमा यही फागुन २१ गतेको बैठकमा जवाफ दिन सरकारलाई निर्देशन दिएका छन् ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकमा प्रमुख प्रतिपक्षीलगायत विपक्षी दलले समसामयिक विषयमा सरकारको जवाफ माग गरेपछि सभामुख घिमिरेले सो निर्देशन दिएका हुन् । बैठकमा सांसद सूर्यबहादुर थापा क्षेत्री र राजेन्द्र लिङ्देनले मिटरब्याज पीडित, लघुवित्त पीडित, दुग्ध किसानका समस्या समाधानका लागि सरकारले पहल नगरेको भन्दै सदन र सरकारको ध्यानाकर्षण गराएका थिए ।

यसअघि पनि सांसदहरूले बालकुमारी घटना, भ्रष्टाचारका आरोप लागेका मन्त्री हटाउनुपर्नेलगायत विषयमा स्पष्ट जवाफ दिनुपर्ने माग राख्दै आएका थिए । सांसदहरूले उठाएको जिज्ञासाको जवाफ दिन सभामुखले रुलिङ गर्दै आएका थिए ।

# ऊर्जा क्षेत्रमा लगानी बढाउन अन्तर्राष्ट्रिय समुदायलाई प्राधिकरणको आग्रह

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल विद्युत् प्राधिकरणले ऊर्जा क्षेत्रमा सहायता बढाउन नेपालका अन्तर्राष्ट्रिय विकास साझेदारलाई आग्रह गरेको छ ।

नेपाललाई सहायता उपलब्ध गराउँदै आएका स्वीट्जरल्याण्ड, बेलायत, अमेरिका, युरोपेली सङ्घ, विश्व बैंक र एसियाली विकास बैंकलाई नेपालको विद्युत् उत्पादन, प्रसारण, वितरण, विस्तार र सुधारका लागि ठूलो लगानी आवश्यक पर्ने भएकाले प्राधिकरणले सहायता बढाउन आग्रह गरेको छ ।

स्वीट्जरल्याण्डका राजदूत ड्यानियल मिउली, विश्व बैंकका नेपाल, माल्दिभ्स तथा श्रीलङ्का हेर्ने देशीय निर्देशक फारिस हदाद जार्भोस, एसियाली विकास बैंक (एडिबी), नेपाल आवासीय नियोगका निर्देशक आर्नोड कुस्वा, युरोपेली सङ्घ, अमेरिकी सहायता नियोगलगायतका विकास साझेदारका प्रतिनिधिहरु सम्मिलित टोलीले नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को सुनवल नगरपालिका-१३ सूर्यवस्तीस्थित २२० केभी नयाँ बुटवल सबस्टेसनको शुक्रबार अनुगमन भ्रमण गरेको थियो ।

नेपाल सरकार तथा प्राधिकरणको लगानी र एडिबीको सहुलितपूर्ण ऋणमा कालीगण्डकी करिडोर २२० केभी प्रसारण लाइन आयोजनाअन्तर्गत नयाँ बुटवल सबस्टेसन निर्माण गरिएको हो । उक्त सबस्टेसनको अनुगमन भ्रमणमा पुगेको टोलीलाई प्राधिकरणले ऊर्जा क्षेत्रमा सहायता बढाउन आग्रह गरेको हो । नेपालको ऊर्जा क्षेत्रमा हासिल भएका उपलब्धीको प्रशंसा गर्दै टोलीले थप लगानी बढाउने प्रतिबद्धता जनाएको थियो ।

नेपालमा जलविद्युत् उत्पादन, प्रसारण वितरणको अवस्था र भारत तथा बङ्गलादेशसँगको विद्युत् निर्यातका विषयमा जानकारी दिँदै प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आगामी पाँच/छ वर्षमा करिब १३ अर्ब अमेरिकी डलरभन्दा बढी लगानी आवश्यक रहेको बताए ।

"विद्युत् उत्पादन बढाउन र प्रणालीको विस्तार तथा सुदृढीकरणका लागि आगामी आगामी पाँच/छ वर्षमा विद्युत् उत्पादनतर्फ छ अर्ब डलर, प्रसारणतर्फ पाँच अर्ब र वितरणतर्फ दुई अर्ब डलरभन्दा बढी चाहिन्छ", कार्यकारी निर्देशक घिसिङले भने, "देशभित्र विद्युत् खपत बढाउने हाम्रो प्राथमिकता हो । यहाँ खपत गरी बढी भएको



विद्युत् मात्र छिमेकी देशमा निर्यात गर्ने हो । विद्युत् निर्यातका लागि पूर्वाधार संरचना निर्माणका लागि ठूलो लगानी आवश्यक छ । म विकास साझेदारहरुलाई लगानी बढाउन आग्रह गर्दछु ।"

विश्व बैंकका नेपाल, माल्दिभ्स तथा श्रीलङ्का हेर्ने देशीय निर्देशक फारिस हदाद जार्भोसले बैंकको नेतृत्वमा एक हजार ६३ मेगावाटको माथिल्लो अरुण जलविद्युत् अयोजनामा लगानी गर्ने विषय अन्तिम चरणमा पुगेको बताए । उनले आयोजना कार्यान्वयनका क्रममा वातावरणीय तथा सामाजिक सुरक्षणका व्यवस्था कार्यान्वयनमा विशेष ध्यान दिनुपर्नेमा जोड दिए ।

एडिबीका नेपाल आवासीय नियोगका निर्देशक आर्नोड कुस्वाले नेपालको ऊर्जा क्षेत्रमा विगत ५० वर्षदेखि साझेदारी गरिरहेको उल्लेख गर्दै बैंकको नेतृत्वमा छ सय ३५ मेगावाटको दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजना सन् २०२४ भित्रमा वित्तीय व्यवस्थापन गर्ने गरी काम भइरहेको बताए । सो अनुगमन भ्रमण टोलीले सबस्टेसनको नियन्त्रण कक्षलगायतको जानकारी लिएको थियो । टोलीले विद्युत प्रसारण र वितरणको अवस्थाका बारेमा पनि जानकारी लिएको थियो ।

कालीगण्डकी र यसका सहायक नदीहरुमा निर्माण हुने जलविद्युत् आयोजनाहरुको विद्युत् एकीकृत गरी राष्ट्रिय प्रणालीमा समाहित गर्न कालीगण्डकी करिडोर २२० केभी डबल सर्किट प्रसारण लाइन र तीन वटा सबस्टेसनहरुको निर्माण गरिएको हो ।

कालीगण्डकी करिडोर २२० केभी डबल सर्किट प्रसारण लाइन आयोजनाअन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ दाना सबस्टेसनबाट सुरु भई पर्वत, बागलुङ, स्याङ्जा, पाल्पा, रुपन्देही हुँदै नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को नयाँ बुटवल सबस्टेसनसम्मको करिब एक सय ३० किलोमिटर डबल सर्किट प्रसारण लाइन निर्माण गरिएको छ ।

प्रसारण लाइन करिब दुई हजार मेगावाट विद्युत् भार बोक्ने क्षमताको छ । नेपाल सरकार तथा प्राधिकरणको लगानी र एडिबीको एशिया उपक्षेत्रीय आर्थिक सहयोग (सासेक)अन्तर्गत विद्युत् प्रणाली विस्तार परियोजनाबाट प्राप्त सहुलियतपूर्ण ऋणमा कालीगण्डकी करिडोर प्रसारण लाइन आयोजना निर्माण गरिएको हो । भारतसँगको विद्युत् व्यापारका लागि नयाँ बुटवल-गोरखपुर ४०० केभी दोस्रो अन्तरदेशीय प्रसारण लाइन पनि निर्माण गर्न गरिँदैछ । देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् सोही प्रसारण लाइनमार्फत भारततर्फ निर्यात गरिने छ ।

# लुइँटेलको नेतृत्वमा इञ्जाको नयाँ कार्यसमिति चयन

**टुडे समाचारदाता**

टोकियो । नेपाली पत्रकारहरुको अन्तर्राष्ट्रिय सञ्जाल (इन्जा)ले गुणराज लुइँटेलको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको छ । इञ्जाको अन्तर्राष्ट्रिय टोकियो सम्मेलन लुइँटेलको नेतृत्वमा आगामी चार वर्षका लागि नयाँ कार्यसमिति चयन गर्दै शुक्रबार सम्पन्न भएको छ ।

कार्यसमितिका वरिष्ठ उपाध्यक्षमा विष्णु शीतल, उपाध्यक्षत्रयमा टङ्क पन्त, किशोर सापकोटा र ददि सापकोटा चयन भएका छन् ।

साथै महासचिवमा दीपक रिजाल र सचिवमा आनन्द कोइराला निर्विरोध निर्वाचित भएका छन् । त्यसैगरी, सदस्यमा रीता सापकोटा, कमल ढकाल, ध्रुव पौडेल, विष्णु शर्मा, डावा ढकाल, विनेश खनाल, विजय थापा, अङ्कुश नेपाल र खेम भट्टचन कार्यसमितिको सदस्यमा चयन भएका छन् ।

वरिष्ठ पत्रकार भूषण घिमिरेको संयोजकत्वमा पत्रकारद्वय कृष्णा पौडेल र सिर्जना ढकाल रहेका निर्वाचन कमिटीले उहाँहरु निर्वाचित भएको घोषणा गरे ।

यसअघि आयोजित इञ्जाको अवसरमा आयोजित अन्तरक्रियामा टोकियोस्थित नेपाली दूतावासका नियोगउपप्रमुख एवम् काउन्सुलर अम्बिकाप्रसाद जोशीले विश्वभरि छारिएर बसेका



सबै नेपालीहरु आपसमा ज्ञान, सीप र अनुभव आदानप्रदान गर्नका इन्जाले ब्रेन सर्कुलेशनका कार्यक्रमहरु प्रवर्द्धन गर्न सुझाव दिए । उनले वस्तुनिष्ठ र सामाजिक उत्तरदायित्वका हिसावले सकारात्मक समाचार प्रवाह गर्न विदेशमा रहेका पत्रकारहरु सक्षम हुने विश्वास व्यक्त गरे ।

इञ्जा ग्लोबलका अध्यक्ष गुणराज लुइँटेलले व्यक्ति विशेषले कुनै लाभ प्राप्तिका लागि सामाजिक सञ्जालका माध्यमबाट प्रसारण गरेका सबै सामग्रीलाई पत्रकारिताका रुपमा बुझिदिँदा समाजमा द्विविधा उत्पन्न भएको बताउँदै सत्य तथ्यमा आधारित विषयवस्तु जनमानसमा सही तरिकाले पुऱ्याउन पत्रकारले प्रभावकारी भूमिका खेल्नुपर्नेमा जोड दिए ।

इञ्जाले विभिन्न देशमा रहेका नेपाली नियोगसँग नजिक रहेर सहकार्य गर्न संस्था तयार रहेको उनले बताए ।

संस्थाका उपाध्यक्ष टङ्कपन्तले इञ्जाको उद्देश्यअनुरुप सङ्कटमा रहेका नेपाली सञ्चारकर्मीलाई गरिदैँ आएको सहयोगबारेमा इञ्जा केन्द्रित रहने बताए ।

एभरेष्ट इन्टरनेशनल स्कूलका प्राचार्य विष्णुप्रसाद भट्टले सामाजिक रुपान्तरणमा मिडियाको महत्वपूर्ण भूमिका रहने बताउँदै नेपाली भेषभूषा, कला, संस्कृतिलाई अन्तर्राष्ट्रिय समुदायमा पुऱ्याउन आफ्नो विद्यालयले गरेको योगदान उजागर गर्न आवश्यक रहेको विचार व्यक्त गरे ।

सो अवसरमा एनआरएनए ग्लोबलका वरिष्ठ उपाध्यक्ष रविन शेरचन, महिला विभागकी प्रमुख अनिता गुरुङ, साहित्यकार मञ्जु गिरी, पत्रकार मनिषा चौलागाईं र दीपक गौतमले प्रवासमा रहेका नेपालीका समस्या र समाधान गर्न चालिनुपर्ने कदमबारे रायसुझाव दिएका थिए । सन् २०१८ मा मार्च १ तारिख स्थापना भएको इञ्जाको मुख्यालय अमेरिकामा छ भने एशिया, यूरोप र अफ्रिकामा शाखा छन् ।

# सम्पत्ति शुद्धीकरण विधेयक पारित

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रियसभाको शुक्रबारको बैठकले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त 'सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०८०' पारित गरेको छ ।

कानुन, न्याय तथा संसदीयमा मामिलामन्त्री धनराज गुरुङले सो विधेयक सभामा पेस गरेका थिए ।

विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त भएको सो विधेयकमाथि त्यसअघि छलफल भएको थियो । छलफलमा सांसदहरु रमेशजङ्ग रायमाझी र भैरवसुन्दर



श्रेष्ठले आफ्नो धारणा राखेका थिए ।

त्यस्तै, बैठकले राष्ट्रियसभा (दोस्रो संशोधन) नियमावली, २०८० पारित गरेको छ । समितिका सभापति सुरेशकुमार आलेमगरले सो प्रस्ताव पेस गरेका थिए ।

त्यसमाथि सांसदहरु प्रकाश पन्थ, भुवनबहादुर सुनार, रमेशजंग रायमाझी, कमला पन्त, डा विमला राई पौडेल, जितेन्द्रनारायण देव, भैरवसुन्दर श्रेष्ठ, खिमलाल देवकोटा, विमला घिमिरे र गोपीबहादुर सार्की अछामीले आफ्नो धारणा राखेका थिए । लुम्बिनी प्रदेशबाट प्रतिनिधित्व गर्ने सभामा सदस्यकोतर्फबाट 'निर्वाचन क्षेत्र (प्रदेश) विकास निर्माण, शान्ति सुव्यवस्थालगायत कार्यहरुको अनुगमन, निरीक्षण र मूल्याङ्कनको प्रतिवेदन, २०८० सभासमक्ष पेस गरे ।

दिगो विकास तथा सुशासन समितिका सभापति प्रकाश पन्थले नेपालमा दिगो विकास लक्ष्य कार्यान्वयन स्थिति अध्ययन तथा मूल्याङ्कन प्रतिवेदन, २०८० सभासमक्ष पेस गरे । त्यस्तै, विधायन व्यवस्थापन समितिका सभापति जयन्तीदेवी राईले 'खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को दफा १९ को कार्यान्वयन मापन प्रतिवेदन, २०८० सभामा पेस गरे । राष्ट्रियसभाको अर्को बैठक यही फागुन २१ गते १:१७ बजे बस्नेछ ।

# अपाङ्गता भएका महिलाको राष्ट्रिय सम्मेलन सुरु

**टुडे समाचारदाता**

काठमाण्डु । अपाङ्गता भएका महिलाहरूको राष्ट्रिय सम्मेलन शुक्रबारदेखि यहाँसुरु भएको छ । 'मलाइ पनि तिमिसँगै गणना गरः मेरो आवाजले अर्थ राख्छ' भन्ने नाराका साथ शुक्रबारदेखि सुरु सम्मेलन काठमाडौं घोषणापत्र जारी गर्दै यही फागुन २० गते सम्पन्न हुनेछ ।

कार्यक्रममा सातै प्रदेशबाट ३६ जना अपाङ्गता भएका महिला र महिला एवं अपाङ्गताको क्षेत्रमा काम गर्दै आएका राष्ट्रिय स्तरका संस्थाका प्रतिनिधि गरी ९० जनाभन्दा बढीको सहभागिता छ । अन्तर्राष्ट्रिय महिला दिवसका सन्दर्भमा महिला र अपाङ्गताका क्षेत्रमा काम गर्दै आएका संस्थाहरु दलित महिला सङ्घ (फेडो), राष्ट्रिय आदिवासी जनजाती अपाङ्ग महिला सङ्घ नेपाल, नेत्रहीन महिला सङ्घ नेपाल, एक्सेस प्लानेट नेपाल र पहिचान नेपालको संयुक्त आयोजनामा कार्यक्रम गरिएको हो ।

सम्मेलनको प्रतिनिधिसभाका उपसभामुख इन्दिरा रानामगर उद्घाटन गरे । सम्मेलनमा राष्ट्रियसभा सदस्य पदम परियार, राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुली, समावेशी आयोगका प्रतिनिधिलगायतको समेत उपस्थिति छ । उपसभामुख रानामगरले अपाङ्गता भएका महिलाका सवालमा आफू चिन्तित रहेको र आफ्नो तर्फबाट नीतिगत तहबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए ।

दलित महिला संघ (फेडो)को अध्यक्ष कला स्वर्णकारले अपाङ्गता भएका महिलाहरुको विविधता, अन्तरसम्बन्धताका सवाल, अर्थपूर्ण सहभागिता र न्यून प्रतिनिधित्व तथा सिमान्तकृत अपाङ्गता भएका महिलाहरुको सवाल एवं समस्याको पहिचान गरी सोको सम्बोधनका लागि नीति निर्माणको निर्णायक तहका व्यक्ति र सरोकारवाला निकायलाई दबाब दिने उद्देश्यले सम्मेलन आयोजना गरिएको बताए ।

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। हमर गाम ।।

वो पवित्र भुमी स्वर्गसं सुन्दर अछि गामहमर खिरखिरिया
जकरा कोटि कोटि अछि नमन हमर

उत्तर दिशे ग्राम बहुअर्वा, दक्षिणमे देवडिहा
पश्चिम दिशे ग्राम गंगुली, पूवमे अकौरा
ई चारि ग्राम बीच सुसाभित गाम हमर खिरखिरिया
चहुदिश उपवनसं सजल धजल

नाम चाइर एकहि देवता संरक्षित
पूर्व दिशे अखिलेश्वनाथ, पश्चिमे गंगुलेश्वरनाथ
उत्तर दिशे विश्वम्भरनाथ, दक्षिणमे मुक्तिनाथ

डिह डाबर, पोखरी झाखरी आ सुन्दरवन सं सोभनिय
जत, कोनो जाति पाति, धनिक आ गरीब बीच भेद नही होईन्ह
से गाम हमर, सुन्दर भाव मनोरम सं जगभरी अछि विख्यात

गामक बिचमे दुर्गा मंदिर
तहि आगा लगैत अछि सुन्दर शान्त हाटबजार आ गामक दक्षिण
भैरब थान, जकरा चहुदिश
घेरने अछि आमक वगान

यादव, बाम्हण, कायस्त, बीन मलाह ततमा, हलुवाई केवट,
दुसाध, हजाम
के निक आ के अधलाह अछि तुलसी पातक सभ रुप

साँझखन संझा, राईत जटजटिन आ,
भोरहडबामा परातीक धुन गुञ्ज्यमान जत हो वो गाम हमर
खिरखिरिया -२
सीता राम विवाहक काल आयलबरियाती ऋशि मुनी धनेर
जत घुरबाककाल खिरबना खैलैन्हि ओ, गाम हमर खिरखिरिया -२



**शिवन याढव (दयालु)**
**नगराईन नगरपालिका - ८, धनुषा, नेपाल**

## ।। म निष्बद भए ।।

सर्तहरू को शब्दबाट अलपत्र परे
पढे, लेखेका मान्छे पनि अहंकार गरे
कोही आफन्त झै टाढा सरे
अनि म टुलुटुलु हेरेर बसे।।१।।
धन र बलको आडमा अरु अगि बढे
म पढदै, लेख्दै अन्योल मै परे
मूर्खहरुले मलाई हेपन खोजे
अनि म बाटाहरू काट्दै हिडें।।२।।
हजारौं को भिडमा म कमजोर भए
किनकि रंग दल्ने र बदल्ने न आएर होला
सबैको पछि पछि न लागेर होला
कछुवा कै ताल मै हिडेर होला
अरुलाई पन्छाउदै न सिकेर होला।।३।।
म निषबद भए!!!



**लेखकः उज्ज्वल झा (निकेत)**
**शिक्षाः स्नातक दोस्रो बर्ष जारी**
**अस्थायी आवासः जनकपुरधाम.४**
**स्थायी आवासः महोत्तरी गा.पा.१**

## ।। वसन्त ।।

रुखहरु हल्न थाल्यो ।
झर्न लाग्यो पात ।।

चिसो चिसो मिठो मिथो ।
हावाको आयो बर्षात ।।

वसन्तको आगमनमा , फुल्न लाग्यो फुल ।
वसन्तको चाहनाले , कोइली भयो मदहुर ।।

जता त्यतै रंगीचंगी फुल्न थल्यो फुल ।
देखिन थाल्यो मेरो बगैंचामा माहुरीको हुल ।।

वसन्तले गर्दा बोतमा
नयाँ पालुवा पलायो ।
वसन्तकै अवधिमा
कोइलीको जीवन रमायो ।।

वसन्तको हावाले मन मेरो रमेछ ।
कोइलीको कुह कुहले समयको एक एक क्षण मेरो थमेछ ।।

ऋतुको राजा वसन्तले ल्यायो हरियाली ।
संसारको कुना कुनामा फैलायो खुशहाली ।।



**लेखक :- अनित कुमार मण्डल**
**बि.एड. प्रथम बर्ष**
**जनकपुर - १५ लोहना**

## ।। मिथिलाक वर्णन ।।

बरकाके हम गोर लगइछी
छोटका के हम प्यार
हमर पावन भूमीके
इहियै अइछ संस्कार
अतिथिके भगवान मानके
मिथिलामै छै रीत यौ
मानइत अइछ मा बापके
मोह ममता के प्रित यौ
बच्चे स टिका चानन केने
देखबैत अइछ अपन सान यौ
तब त कहै छि
अपन मिथिला छै सब स महान यौ
राजा जनक सीता मैया
विद्यापति हम सब के सान यौ
यी सब केवल मिथिला के नइ
हमर देश के पहिचान यौ
खेलैछै सामा चकेवा
जट-जटिन पर नाच करैय
सब पावनमे घर निप क
अंगना घर चमकबैय
पान मखान खा क
देखबैत अइछ अपन सान यौ
धोती कुरता पाग लगेने
झलकबैत अइछ अपन पहिचान यौ
मिथिलाक लोक पाछा नै छै
मानैत अइछ संस्कार यो
मधुर बोली संग पान खेनै
रखैत अइछ अपन मान यो
माथ प चानन देह पर गमछा
राख के छै रित यौ
अखनो कनिया घोग तनने
नुकबैत अइछ अपन सित यौ
हाइ हालो के दुर राइख क
पार छुक गोर लगईय
भोरे उइठते मा बाप स
मोन भइर क आशिर्बाद लई य
मिथिला क वर्णन एक शब्दमे
करनाइ छै कठिन
स्वभागय भेल हमर जे
उहे पावन भुमिमे कटै छै हमर दिन
मिथिलाके वर्णन सुनबई मे
छै छुटे अभिषेक यौ
अपन मिथिला अपन मैथिल
छै सब स विशेष यौ।



**लेखकः सुशान्त अभिषेक**
**ठेगानाःजनकपुर धाम-४ धनुषा,नेपाल**

## ।। पैसा नहुदा मानिसकोजीवन ।।

घरमा हुन्छ पीडा र दुख
आश लागेका हुन्छ कहिले आउ छ सुख।।
भगवानमा हुन्छ विश्वास
कहिले न कहिले आउँछ सुखको दिन लागेका हुन्छ आश।।
छाड्नु पर्छ आफ्नो देश
कमाउनको लागि जानुपर्छ विदेश।।
पैसा हुँदा घरमा छ आन्नद
पैसा नहुदा पढाइ र लेखाइ बन्द।।
नपढे पछि काट्नुपर्छ घाँस
कहिले न कहिले आउँछ सुखको दिन लागेका हुन्छ आश।।



**नामः बिट्टू याढव**
**ठेगानाः अधिकारी पट्टी, सिनुरजोडा लक्ष्मीनिया गा.पा. -१, धनुषा, नेपाल**
**स्कुलः त्रिदेव मा.वि लक्ष्मीनिया बजार -७**
**कक्षाः५**

## ।। देहव्यापार ।।

रहर होला कि बाध्यता बुझ्न सकिएन्
देहव्यापारमा लागेकी महिलाको पिडा सुन्न सकिएन्
कलिलो उमेर पढ्ने इच्छा बस्न बाध्य छिन बेश्यालयमा
उसको आँखाबाट आशु रोक्न सकिएन्
दिनौ सयौलाई खुशी दिने आफै खुशी हुन सकिएन्
उसको घाउँमा औषधि लगाउने कोहि भेटिएन्
रातीमा उसैसँग रात बिताउने, दिनमा उसलाई मान्छे भनिएन्
समाजको यो कलंक हो भन्नेहरु यसलाई रोक्न केहि कदम देखिएन्
कसरी लागिन् उनी यो कार्यमा र उसलाई उद्धार गर्ने कोहि भेटिएन्
मजा मात्र लुट्ने हाम्रो समाजले उसको आँखाको आँशु पोछिदिने
कोहि भेटिएन्



**बलराम गुप्ता**
**जनकपुरधाम ११**

## "अप्पन मिथिलाधाम"

अप्पन मिथिलाधाम छै
बहुत महान यौ,
स्वर्ग सँ सुन्दर
अप्पन मिथिलाधाम यौ !!
राजा जनक, माँ जानकी
ऋषि मुनि सब,
जन्म लेने छथि
एहि धरती पर यौ !!
मैथिली भाषा आओर
कुर्ता, धोती लाल, अंगोछा
टीक, मिथिलावाशी के छै
पहिचान यौ !!
महाकवि विधापति के
गाम छै मिथिलाधाम यौ,
जहाँ स्वेम भोलेशंकर उगना बनि
विद्यापति के कैलन्हि सगरो काम यौ !!
कतैक सुन्दर छै
अप्पन मिथिलाधाम यौ,
पावन आओर पवित्र
धरती मिथिलाधाम यौ !!
जानकी मन्दिर छै
मिथिला के शान यौ!
सब के सबसँ प्रेम अछि
मिथिलाधाम मे यौ!
मिथिलावाशी करैत छै
पाहुन, अथिति सब के,
बहुत निकसँ
आदर, सत्कार यौ !!
सीताजी के गाम छैक
मिथिलाधाम यौ,
धनुष यज्ञ मे धीर-वीर के
टुटल छल गुमान यौ!
तोडिते धनुष रामजी बनलैन
सियापति राम यौ,
कतैक सुन्दर आओर महान छै
अप्पन मिथिलाधाम यौ !!



**लेखकः- प्रमोद कुमार यादव**
**नगरपालिकाः- हँसपुर -४**
**टोलः- नरहिया**

## गरिबी के हो ?

गरिबी शान्ति श्रद्धा आस्थाको मन्दिर हो ।
गरिबी भाव बग्ने नदिको शीतल नीर हो ।।

गरिबी अनमोल जीवनको पाठशाला हो ।
गरिबी बाच्न सिकाउने कौशल कला हो ।।

गरिबी इश्वरले लिने महत्त्वपूर्ण परीक्षा हो ।
गरिबी छण छण दिने अर्थपूर्ण शिक्षा हो ।।

गरिबी स्नेह संस्कारले झल्कित शृङ्गार हो ।
गरिबी धैर्य सहन सन्तुष्टताको भण्डार हो ।।

गरिबी उत्प्रेरणा लक्ष्यपथको प्रदर्शक हो ।
गरिबी कला सीप क्षमताको प्रवर्तक हो ।।

गरिबी सफलताको चुचुरोमा पुग्ने बाटो हो ।
गरिबी कमल फुल्ने फोहोर हिलो माटो हो ।।



**लेखकः- राम 'रुद्राक्ष' मण्डल**
**ठेगानाः- लक्ष्मीनियाँ गा.पा.-१,सिनुरजोडा**
**धनुषा, नेपाल ।**

## ।। गजल ।।

खाट एउटै हो दुई तन फरक हुन्छ
तन जोडिन्छन तर मन फरक हुन्छ
कतै भएर अपूर्ण कतै नभएरै पुर्णता
मुटु भित्रको दुई धड्कन फरक हुन्छ
सबै अंगालोहरु अंगालो हुँदैनन याहा
महसूसमा गर्ने आफ्नोपन फरक हुन्छ
सबै दुखहरु आखाले रुदैनन किनकी
आखाँ र दिलको जलन फरक हुन्छ!!



**नाम : बिनय दाहाल काजि**

## ।। नारी छी हम ।।

आन्ही, बिहाइर नहि जे रुकी जाएब
सुरज नइ जे डुइबी आ अस्त भजाएब

धड्कन नहि जे थमी जाएब
बरफ नहि जे पिघैएल जाएब

चट्टान नहि जे बढीमे बहि जाएब
बाउल नहि जे छिटा जाएब

बहानी नहि जे अधुरे रहि जाएब
समय नहि जे ढैल जाएब

नदी नहि जे सागर'मे मिल जाएब
गीत नहि जे अहाँ बिसैर जाएब

हित,मीत नहि जे बिछडी जाएब
भला नहि जे अहाँके गैर जाएब

इनार नहि जे हम सुइख जाएब
वसंत ऋतु नहि जे हम बदैल जाएब
मोबाइल नहि जे हम बिगैर जाएब

सृष्टि भर भारी छी हम
हँ नारी छी हम

नहि हारल छी हम
नहि थाकल छी
हँ हम नारी छी



**उदगार याढब**
**मिथिला विहारी नगरपालिका, सिरसिया-६**

## ।। मिथिला वर्णन ।।

हम मिथिलाके बासी
हमर मिथिला अछि महान

हम बंजर खेत जोइत उब्जबै छी
मरुवा मकै गहुम आ धान
सबभक पेट भरै छी हम छी किसान

हम करै छि मिथिला के गुन गान
हमर धर्ति अछि पावन भुमी
जनकपुर धाम

यहि धर्ति पर छै बड बड विद्वान
भोर साँझ जपै अछि सब सिता राम

एक तरप हिमाल पहाड़ छै
दोसर तरप मधेश

अनेक रंग के भाषा छै
अनेक रंग भेष
तैय त कहबै छै ई मिथिला मधेश

यतके हावा पानी छै बहुत निक
तैयत चिरैयौ चुनमुन गबै छै
मिथिला मधेशक गीत

अतके खान पान दाइल भात तरुवा तिलकोर
तैयत मिथिला के बौवा छै गोर



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार, दोहा कतार**

## ।। मैथिली गजल ।।

जिन्दगी सुनशान भेलै अबिते कलयुग
पत्थर भगवान भेलै अबिते कलयुग
हित,प्रित आ मित किनका बुझुबै ज
अपने अनजान भेलै अबिते कलयुग
बाहर जपैए राम नाम हाथ'क जोडी
घरमे रमजान भेलै अबिते कलयुग
बडका छोटका'क विचार नैए केलक
पैसावाला जवान भेलै अबिते कलयुग
चाहे रहे कोनो पावैन आ कोनो त्योहार
मांसे'क पकवान भेलै अबिते कलयुग



**लेखकः धिरज महतो**
**ठेगानाः कमला न.पा-७,हथमुण्डा**

# समृद्धिको आधार तयार गर्न सरकार क्रियाशील : प्रधानमन्त्री

**टुडे समाचारदाता**

चितवन । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले वर्तमान सरकार अर्थतन्त्रमा देखिएका चुनौती सम्बोधन गर्दै समृद्धिको आधार तयार गर्न क्रियाशील रहेको बताएका छन् ।

'घुमौं भरतपुर' भन्ने नाराका साथ सुरु गरिएको 'भरतपुर भ्रमण वर्ष, २०२४' को शुक्रबार यहाँ उद्धाटन गर्दै प्रधानमन्त्री दाहालले आफू नेतृत्वको वर्तमान सरकार सुशासन, सामाजिक न्याय र समृद्धिको प्राथमिकतासहित अर्थतन्त्रका चुनौतीहरू सम्बोधन गर्न क्रियाशील रहेको बताएका हुन् । "चौध महिनामा देश र विश्व समुदायले समेत देख्ने गरी मानकहरू स्थापित भएका छन्", प्रधानमन्त्री प्रचण्डले भने, "भ्रष्टाचार नियन्त्रण, अर्थतन्त्रमा सुधार, सङ्घीयता कार्यान्वयन, सामाजिक न्याय र सेवा प्रवाहमा जे-जति कामहरू भएका छन् । यी देशका लागि महत्वपूर्ण उपलब्धिहरू हुन् ।"



दिगो विकासबाट आर्थिक समृद्धि प्राप्त गर्न सहमतिको संस्कृति र राष्ट्रिय सहमति आवश्यक रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले राष्ट्रिय राजनीतिका विशिष्ट व्यक्तिहरूको सामूहिक उपस्थितिले राष्ट्रिय तथा अन्तर ाष्ट्रियस्तरमा सकारात्मक सन्देश सम्प्रेषण हुने बताए ।नेपालको कूल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान छ दशमलव सात प्रतिशत र रोजगारीको क्षेत्रमा छ दशमलव नौ प्रतिशत रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले चितवनमा २०२३ मा एक लाख ९० हजार चार सय ५८ जना पर्यटकको आगमन भएको आफूले जानकारी पाएको बताए ।

'भ्रमण वर्ष कोसेढुङ्गा सावित हुन्छ' प्रधानमन्त्री प्रचण्डले राष्ट्रकै पर्यटन प्रवर्द्धनमा भरतपुर भ्रमण वर्ष कोसेढुङ्गा सावित हुनेमा विश्वास व्यक्त गरे । "भरतपुर भ्रमण वर्षले रत्ननगर नगरपालिकाको सौराहाबाट माडी नगरपालिकाको सोमेश्वर गढीसम्म, राप्तीको परेवाकोटबाट खैरहनीको कुमरोजसम्म, कालिकाको सिन्ते झरनाबाट गैँडाकोटको मौलाकालिकासम्म, चितवनको उच्च भाग इच्छाकामनाको सिराइचुलीबाट बागमती प्रदेशकै होचो भू-भाग भरतपुर महानगरपालिकाको गोलाघाटसम्मका ५० भन्दा बढी गन्तव्यको प्रवर्द्धन गर्नेछ", प्रधानमन्त्री प्रचण्डले भने, "यो चितवनको पर्यटनमा गुणात्मक फड्को हुनेछ ।"

विशिष्ट पाहुनाबाट एक सय ५० वर्षदेखि चितवनका जङ्गलमा सिकार यात्रा गरेको इतिहास रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले नेपालमा सर्वप्रथम जङ्गल सफारीको सुरुआत टाइगर टपले मेघौली नजिक चितवनबाट भएको स्मरण गरे । उनले भने, "यी सबै आधारले 'भरतपुर भ्रमण वर्ष २०२४' ले आफ्नो लक्ष्य हासिल गर्नेमा विश्वस्त हुन सकिन्छ ।"

पछिल्लो सात वर्षमा भरतपुर महानगरपालिकाले विकासको मोडेलमा सिङ्गो देशलाई नै नेतृत्व गरिरहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले एक दशकअघिको भरतपुर र वर्तमानको भरतपुरमा आम जनसमुदायले गुणात्मक परिवर्तनको अनुभूति गरेको बताए ।

प्रधानमन्त्रीले गौरवका आयोजना चक्रपथ, छ लेनको सडक, तटबन्धन, सिटी हल, गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला, विमानस्थल, नारायणी 'सी-बीच' मोडल तथा विभिन्न पूर्वाधारको निर्माण प्रक्रिया सम्पन्न भइसक्दा भरतपुरले नयाँ मानक स्थापित गर्ने विश्वास व्यक्त गरे । उनले भरतपुरले देशको अर्थतन्त्र र विकास मोडलमा 'रोलमोडल' कायम गर्ने बताए । "विविध प्राकृतिक सम्पदाले समृद्ध चितवनको भरतपुर नेपालकै उत्कृष्ट स्थानीय सरकारको सूचीमा अग्रसर महानगरपालिका हो", प्रधानमन्त्री प्रचण्डले भने, "कृषि, सहकारी, उद्योग, पर्यटनजस्ता क्षेत्रलाई आर्थिक विकासको आधार बनाएर निरन्तर आर्थिक समृद्धि हासिल गरिरहेको यस महानगरपालिकामा पार्क, सङ्ग्रहालय, विमानस्थल, रिङरोड, लिङ्करोड, हुलाकी मार्ग, पूर्व-पश्चिम राजमार्ग, होटल, रिसोर्टजस्ता पर्यटन विकासका लागि प्रशस्त पूर्वाधार छन् ।"

चितवन देशकै मुख्य आर्थिक केन्द्रका रूपमा विकास हुँदै गएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले भने, "जैविक विविधता प्राकृतिक सुन्दरता र स्वच्छ वातावरण प्रवर्द्धन गर्दै पर्यटन विकासमा निरन्तर अग्रसर यस महानगरपालिकामा एकातर्फ पर्या-पर्यटन, वन्यजन्तु, खेल, स्वास्थ्य, कृषि, धार्मिक पर्यटन आदिको क्रमिक विकास भएको छ ।"

अनुपम प्राकृतिक सम्पदाले सम्पन्न महानगरपालिकामा निकुञ्ज, सामुदायिक वन, ताल, नदी, सूर्योदय, सूर्यास्त, पहाड, हिमशृंखलाको दृश्यावलोकन एवं समथर तराईको भू-भागको दृश्यावलोकनलगायतकाप्राकृतिक आकर्षण रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले ऐतिहासिकस्थल, गढी, दरबार, सङ्ग्रहालय, पार्क, धार्मिकस्थल, मानवनिर्मित २२ वटा आकर्षण पर्यटकीय गन्तव्य रहेको बताए ।

पर्यटन विकासबाट सामाजिक तथा आर्थिक परिवर्तन ल्याउन कोरोना कहरबाट पिल्सिएको पर्यटन व्यवसायलाई उकास्न भरतपुर महानगरपालिकाको यो कदमको प्रशंसा गरे । उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिष्ठा वृद्धि गर्न प्राकृतिक, सांस्कृतिक, धार्मिक एवं ऐतिहासिक सम्पदाको प्रचारप्रसार गरी पर्यटकको संख्या र बसाई अवधि वृद्धि गर्ने उद्देश्यले भ्रमण वर्ष आयोजना गरिएको बताए ।

उनले भने, "निजी क्षेत्रसँगको सहकार्यमा पहिलोपटक आयोजना गर्न लागेको यस बृहत् प्रवर्द्धनात्मक अभियान 'भरतपुर भ्रमण वर्ष २०२४' पर्यटन प्रवर्द्धनमा एउटा ऐतिहासिक कदम हो ।"

# नागरिकका अपेक्षा पूरा गर्न सबै एकजुट बन्न झलनाथको आग्रह

**टुडे समाचारदाता**

भरतपुर । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सम्मानित नेता तथा पूर्वप्रधानमन्त्री झलनाथ खनालले विकास निर्माणका सवालमा सबै राजनीतिक दल एकजुट बन्नुपर्ने बताएका छन् ।



शुक्रबार भरतपुर भ्रमण वर्ष २०२४ को उद्धाटनमा पूर्वप्रधानमन्त्री खनालले जनआन्दोलनपछि पटक-पटक सरकार परिवर्तन हुँदा पनि नागरिकको अपेक्षा पूरा गर्न नसकिएको भन्दै सबै राजनीतिक दल मिलेर नेपाललाई समृद्ध बनाउनुपर्नेमा जोड दिए ।उनले अहिले राजनीतिक दलहरु हिँडेको बाटोको सीमक्षा गर्न आवश्यक रहेको समेत उल्लेख गरे । उनले भने, "हामी हिँडेको बाटोको एक पटक समीक्षा आवश्यक छ । कमजोरी कहाँ भएको छ । एकचोटी सबैले छातीमा हात राखेर मनन गरौँ । सबै एकजुट हुने हो भने समृद्धि सम्भव छ।" नेता खनालले समृद्ध नेपाल र सुखी नेपाली निर्माण गर्ने सपना र दोस्रो जनआन्दोलनको उद्देश्य पूरा गर्नतिर लाग्नुपर्नेमा जोड दिए। "सबै मिलेर आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट तय गरौँ । यसबाट सुन्दरतामा सुगन्ध पनि थपिन्छ", उनले भने । उनले नेपालमा विराट सम्भावना रहेको र चितवन सभ्यता र सम्भावना बोकेको उपत्यका भएको समेत उल्लेख गरे। "भरतपुरमा विकास र रुपान्तरणका प्रक्रिया आगाडि बढ्दै छन् । भ्रमण वर्षको उद्धाटन महोत्सवका रुपमा स्थापित भएको छ", उनले भने। खनालले भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहाल प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'कि छोरी मात्रै नभई नेपालीकी छोरी भएको बताए।

"रेनु दाहालको नेतृत्वमा यो कार्यक्रम आयोजना भएको छ । प्रमुख दाहाल कमरेड पुष्पकमल दाहालको छोरी मात्र होइन नेपालकी छोरी हुनुहुन्छ । धैरै कामहरु पूरा गर्नुहोस्। शुभकामना दिन चाहन्छु", उनले भने। उनले दाहालले लिएको नीतिबाट समृद्ध चितवन बन्न सकोस भन्दै कामना समेत गरे । सो अवसरमा उनले भरतपुरमा गरेको विकास निर्माण र भ्रमण वर्षको प्रशंसा समेत गरे।

# भरतपुर पर्यटकीय गन्तव्य बन्न सक्छः नेपाल

**टुडे समाचारदाता**

भरतपुर । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले भरतपुरलाई अन्तर्राष्ट्रिय स्तरको पर्यटकीय गन्तव्य बनाउन सकिने बताएका छन् ।



शुक्रबार चितवनको नारायणी नदी किनारमा आयोजित भरतपुर भ्रमण वर्ष २०२४ को उद्धाटन समारोहमा अध्यक्ष नेपालले यहाँको विकास र पर्यटकीय सम्भावनाले भरतपुरलाई अन्तर्राष्ट्रिय पर्यटकीय थलो बनाउन सकिने बताएका हुन् ।

"यहाँ गैँडा, पाटेबाघ, घडियाल गोही, साइबेरियन चरा र वनस्पति देख्न पाइन्छ", उनले भने, "यहाँको प्राकृतिक विविधताले पर्यटकलाई आकर्षित गर्न सकिन्छ ।" उनले चितवनमा विभिन्न जातजाति, भाषाभाषीको बसोबास रहेको भन्दै यहाँको विविधता हेर्न पर्यटक आउने गरेको बताए ।

नेपालको केन्द्रमा रहेको भरतपुर महानगरपालिका उत्कृष्ट नगरपालिकाको दर्जा पाएको भन्दै यहाँको विकास निर्माण अन्य पालिकाका लागि पनि उदाहरण बनेको उल्लेख गरे ।विकासका लागि सडक पूर्वाधार मात्र नभई अन्य सूचकसमेत उत्कृष्ट हुनुपर्ने भन्दै त्यसमा भरतपुरले ध्यान दिएको बताए । जनताले दिएको सल्लाह र आलोचनाले सही बाटोमा हिँड्न प्रेरित गर्ने भन्दै राम्रो गर्नेलाई प्रोत्साहन र नराम्रो गर्नेलाई जनताले नै दण्डित गर्ने बताए ।

नेता नेपालले सङ्घीय, प्रदेश र स्थानीय सरकारले आपसमा समन्वयमा काम गरेर जनताका आवश्यकता पूरा गर्ने गरी विकास गर्न सकिने बताए । भ्रमण वर्षसँगै भरतपुरलाई सबै क्षेत्रको हबको रुपमा विकास गर्नुपर्ने नेता नेपालको धारणा थियो ।

# पढाइले मात्र पठन संस्कृतिको विकास हुँदैनः ओली

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल कम्युनिष्टछ पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओली विद्यालयको पढाइले मात्रै पठन संस्कृतिको विकास नहुने बताएका छन् ।

नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासङ्घको सातौँ राष्ट्रिय महाधिवेशन शुक्रबार उद्धाटन गर्दै उनले पढन संस्कृतिको विकास गर्नका लागि हरेक नागरिक सचेत हुनुपर्नेमा बताए । खोज, अनुसन्धान, लेखन र सिर्जनशीलको विकास गर्नसके पठन संस्कृतिको विकास गर्न सकिने उनको भनाइ थियो ।



अध्यक्ष ओलीले कोरोना महामारीपछि सबै राष्ट्र पुनरुत्थान भइसक्दा पनि नेपालको अर्थतन्त्र भने कोभिडका कारण कमजोर भयो भन्नुको कुनै अर्थ नभएको उल्लेख गरे । "अहिलेको अर्थतन्त्र कोरोना भाइरसले ओरालो लागेको होइन । यदि कोरोना भाइरसले अर्थतन्त्र ओरालो लाग्थ्यो भने अमेरिका, चीन भारतलगायत देशको अर्थतन्त्र ऋणात्मकमा झरेको हुने थियो", उनले भने"सबै देश पुरुत्थानमा भइसके । तर हामी जहाँको त्यही छौँ ।" उनले नेपालको राजनीतिक परिस्थितिमा कुन बेला को सरकारमा हुन्छ को हुँदैन भन्ने कुरा भन्न नसक्ने अवस्था रहेको बताए ।

अध्यक्ष ओलीले एमाले इतिहास र जिम्मेवारी बोकेका देश बनाउने भिजन रहेको पार्टी रहेको बताए । नेपाली कांग्रेसका सहमहामन्त्री भीष्मराज आङ्देम्बेले पुस्तकले मानिसको ज्ञान बढाउने भन्दै अहिले सामाजिक सञ्जालको कारणले पठन संस्कृति हराउँदै गएको बताए । उनले पुस्तकमा सरकारले अनावश्यक कर लगाउन नहुने भनाइ राखे । शनिबारसम्म सञ्चालन महाधिवेशनले नयाँ नेतृत्व चयन गर्नेछ ।

# 'पर्यटन प्रवर्द्धनका लागि सरकार र निजी क्षेत्रबीच सहकार्य आवश्यक छ'

**टुडे समाचारदाता**

भरतपुर । नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले पर्यटन क्षेत्रको विकासका लागि सरकार र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको बताएका छन् ।



शुक्रबार चितवनको नारायणी नदी किनारमा आयोजित 'भरतपुर भ्रमण वर्ष २०२४' को उद्धाटन समारोहलाई सम्बोधन गर्दै उनले मुलुकको पर्यटन प्रवर्द्धनका लागि सबै क्षेत्रको सहकार्य आवश्यक रहेको बताए ।

नेपालको नीति तीनखम्बे अर्थनीति भएकाले पर्यटन प्रवर्द्धनमा सङ्घ, प्रदेश, स्थानीय तहका साथै सरोकारवाला निकायको एकआपसमा सहकार्य आवश्यक रहेको सभापति देउवाले बताए । कोरोनाका कारण नेपालको अर्थतन्त्रमा परेको असर पर्यटन क्षेत्रको चलायमान अवस्थाले परिपूर्ति गर्दै जाने उनको भनाइ छ ।

"भरतपुर भ्रमण वर्षले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसारसँगै पर्यटक वृद्धि गरी मुलुकको आर्थिक विकासमा सहयोग पुऱ्याउनेछ", सभापति देउवाले भने । उनले गठबन्धनको सरकारले निरन्तरता पाउने भन्दै वर्तमान सरकारले निजी क्षेत्रसँग सहकार्य गर्दै पर्यटन प्रवर्द्धनका क्षेत्रमा काम गर्ने बताए ।

सभापति देउवाले भरतपुर देशकै प्रमुख पर्यटकीय गन्तव्य भएको भन्दै महानगरपालिकामा पर्यटकीय विकासका लागि प्रयाप्त पूर्वाधार रहेको बताए । "जैविक विविधता, पर्या-पर्यटन, वन्यजन्तुसम्बन्धी खेल, स्वास्थ्य, कृषि, पर्यटनको विकासलगायत विषयले भरतपर मुलुकको प्रमुख आर्थिक केन्द्रका रुपमा स्थापित भएको छ ।

# द्रुतमार्ग तीन वर्षभित्र पूरा हुने उपप्रधानमन्त्रीको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु । उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले काठमाडौँ-तराई मधेस द्रुतमार्ग विसं २०८३ चैत मसान्तभित्र निर्माण पूरा हुने विश्वास व्यक्त गरेका छन् । राष्ट्रियसभाको शुक्रबारको बैठकमा समय लिएर बोल्दै उनले सो आयोजना निर्माण कोरोनाका कारण प्रभावित भए पनि सरकारले तय गरेको समयभित्रै पूरा हुने उल्लेख गरे ।

आयोजना जुन गतिका साथ अगाडि बढ्नुपर्ने थियो त्यसो हुन नसकेको स्वीकार गर्दै उपप्रधानमन्त्री खड्काले लागत नबढ्ने गरी प्रक्रिया अगाडि बढाइएको स्पष्ट पारे । सो मार्गको खोकनामा देखिएको समस्या समाधानका लागि आवश्यक अध्ययन भइरहेको जनाउँदै उनले विभिन्न विकल्पमाथि छलफल जारी रहेको बताए ।

प्रक्रिया पुऱ्याउने सन्दर्भमा केही ढिलाइ हुँदा जाजरकोट भूकम्पपीडितले पुनःनिर्माणबापतको रकम पाउन केही समय लागेको उपप्रधानमन्त्री खड्काले उल्लेख गरे । प्रमुख जिल्ला अधिकारीमार्फत पीडितलाई राहत रकम उपलब्ध गराउने काम भइरहेको उनको भनाइ छ । नेपाली सेनाको कल्याणकारी कोषमार्फत हेटौँडा कपडा कारखाना सञ्चालनका लागि प्राविधिक टोलीले गरेको अध्ययन प्रतिवेदन प्रधानमन्त्रीसमक्ष पेस भएको भन्दै उक्त प्रतिवेदन अध्ययनको क्रममा रहेको बताए । उनले यसबारेमा आवश्यक निर्णय नभएकाले अहिले नै यस्तो हुन्छ भन्ने ठाउँमा नपुगेको उल्लेख गरे ।



सेना, सरकार र अदालतप्रति नकारात्मक टिप्पणी गर्ने प्रवृत्ति बढेकामा उनले आपत्ति प्रकट गरे । "सरकार, सेना र अदालतलाई आक्रमण गरेर, तथ्यहीन सूचना र समाचार सम्प्रेषण गरेर मात्र विकास हुने होइन । यी निकायमा समस्या नै छैन भन्ने मेरो जिकिर पनि होएन । यी संस्था हामी नागरिकको साझा सम्पत्ति हुन् । ती निकायमा रहेको कमीकमजोरी सुधार गर्न नागरिकको रचनात्मक भूमिका जरुरी हुन्छ", उपप्रधानमन्त्री खड्काले भने ।

सरकारले 'सैनिक ऐन, २०६३' लाई संशोधन गरेर समयानुकूल बनाउन लागिपरेको उपप्रधानमन्त्री खड्काले जानकारी दिए। सरोकारवालासँग आवश्यक छलफल गरी संशोधन मस्यौदा अगाडि बढाइएको भन्दै सङ्घीय संसद्को चालु अधिवेशनको संसद्मा उक्त ऐन पेस गर्ने तयारी भइरहेको उनले जानकारी दिए ।

सरकार मौलिक हक कार्यान्वयनका लागि आवश्यक कानुन निर्माण गर्ने कार्यमा क्रियाशील रहेको उपप्रधानमन्त्री एवं रक्षामन्त्री खड्काले उल्लेख गरे । सांसदहरु भैरवसुन्दर श्रेष्ठ दिलकुमारी रावल थापा अनिता देवकोटा, गोमादेवी तिमिल्सिना, गोपीबहादुर सार्की अछामी, तुलसाकुमारी दाहाल, कमला पन्त, सुरेशकुमार आले मगर, राजेन्द्रलक्ष्मी गैरेले उपप्रधानमन्त्री खड्कालाई पूरक प्रश्न गरेका थिए ।

# विपद्को क्षति न्यूनीकरण गर्न पूर्वतयारी- मुख्यमन्त्री पाण्डे

टुडे समाचारदाता

म्याग्दी । गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विपद् पूर्वतयारी, रोकथाम, उद्धार, राहत तथा क्षतिपूर्ति वितरण र पुनःस्थापनालाई उच्च प्राथमिकता दिएको बताएका छन् ।

सशस्त्र प्रहरी बलले म्याग्दीको बेनीमा शुक्रबार आयोजना गरेको नदीजन्य विपद्को नमूना अभ्यास कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले विपद्को जोखिम र क्षति न्यूनीकरणमा प्रदेश सरकारले जोड दिएको बताए । "हिमाल, पहाड र तराईको भूगोल समेटिएको गण्डकी प्रदेशमा सबै किसिमका विपद्को जोखिमको पहिचान गरी क्षति न्यूनीकरण गर्न पूर्वतयारी गरेका छौँ", उनले भने, "विपद् पूर्वतयारी, विपद्को अवस्थामा गरिने प्रतिकार्य तथा विपद्पश्चात् राहत र पुनःस्थापनाको कार्यलाई प्रदेश सरकारले प्राथमिकता दिएको छ ।"



विपद्को क्षति न्यूनीकरणका लागि समुदायस्तरमा सचेतनामूलक गतिविधि, सुरक्षा निकायको क्षमता अभिवृद्धि, सीपयुक्त जनशक्ति तयार, राहतको भण्डारण र पुनःस्थापनसम्बन्धी कार्य गरिएको मुख्यमन्त्री पाण्डेले बताए। जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा हुन थालेका अधिक वर्षाद्का कारण खोलानालामा आउने बाढीले तटीय क्षेत्रका बजार तथा बस्तीमा गर्ने कटानलाई गण्डकी प्रदेशमा विपद्को नयाँ चुनौतीका रुपमा लिइएको मुख्यमन्त्री पाण्डेले बताए ।

प्रदेशस्तरमा रु १० करोड र ११ वटै जिल्लामा रु दश/दश लाख नघट्ने गरी विपद् व्यवस्थापन कोष स्थापना गरिएको जानकारी उनले दिए ।

गण्डकी प्रदेशका प्रमुख सचिव लक्ष्मीकुमारी बस्नेतले विपद् व्यवस्थापनका लागि समुदायस्तरमा सीपयुक्त जनशक्ति तयार पार्ने र सुरक्षा निकायलाई आवश्यक सामग्री उपलब्ध गराएको बताए ।

प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा विपद् व्यवस्थापन बेस क्याम्प स्थापना गरिएको जानकारी दिए । सशस्त्र प्रहरीको मुक्तिनाथ बाहिनीका बाहिनीपति कालीदास धौवजीले विपद् व्यवस्थापनका लागि तालिमप्राप्त जनशक्तिको क्षमता अभिवृद्धिका लागि नमूना अभ्यास गरिएको बताए ।

गण्डकी प्रदेश सरकारको सहयोगमा भएको नमूना अभ्यासमा ३५ जना सहभागी भएका थिए । नदीमा बग्दै गरेको, नदीमा अड्किएको, डुबेको, डोरीबाट झरेर गरिने उद्धारको नमूना प्रदर्शन गरिएको सशस्त्र प्रहरी बल गलेश्वर आश्रित गुल्मका प्रमुख प्रहरी नायब उपरीक्षक श्यामकुमार पौडेलले बताए ।

म्याग्दीका छ वटा स्थानीय तहबाट पाँच/पाँच जनालाई विपद् व्यवस्थापनसम्बन्धी आधारभूत तालिम पनि दिइएको उनले बताए ।

# अनुगमन तथा मूल्याङ्कन विधेयक सर्वसम्मतिले पारित

**टुडे समाचारदाता**

काठमाण्डु । प्रतिनिधिसभाको शुक्रबारको बैठकबाट 'अनुगमन तथा मूल्याङ्कन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०' सर्वसम्मतिले पारित भएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को तर्फबाट सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले उक्त विधेयक पारित गरियोस् भन्ने प्रस्ताव प्रतिनिधिसभामा पेस गरेका थिए ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकमा उक्त विधेयकमाथि राज्य व्यवस्था तथा सुशासन समितिले दिएको प्रतिवेदनसहितको छलफल भएको थियो । राष्ट्रियसभामा उत्पत्ति भएको यो विधेयकले विकास नीति तथा योजना, कार्यक्रम तथा आयोजनाको अनुगमन एवं मूल्याङ्कनलाई व्यवस्थित गर्ने उद्देश्य राखेको छ । विकास प्रक्रियालाई नतिजामूलक र पारदर्शी बनाई सार्वजनिक जवाफदेहिता सुनिश्चित गर्न यो कानुन आवश्यक रहेको सञ्चारमन्त्री शर्माले बताए ।

बदलिँदो शासकीय स्वरुपअनुरुप विकास प्रक्रियालाई रुपान्तरण गर्न तथा विकासको मूलप्रवाहमा सबै वर्ग समाहित हुने वातावरण सिर्जना गर्न यो कानुन आवश्यक रहेको मन्त्री शर्माले उल्लेख गरे ।

सङ्घ, प्रदेश र स्थानीय तहका विकास आयोजनाको अनुगमन तथा मूल्याङ्कनका आधार, चरण, मापदण्ड, अनुगमन गर्ने निकायलगायतका व्यवस्था विधेयकमा राखिएका छन् ।

# सन् २०२३ मा ऊर्जासँग सम्बन्धित कार्बन डाइअक्साइड उत्सर्जन वृद्धिमा सुस्तता

**एएफपी**

पेरिस । सन् २०२३ मा ऊर्जासँग सम्बन्धित कार्बन डाइअक्साइड उत्सर्जन उच्च स्तरमा पुगेको छ, तर स्वच्छ प्रविधिको कारजस्ता प्रविधिबिना विगत पाँच वर्षमा ऊर्जासँग सम्बन्धित कार्बन डाइअक्साइड उत्सर्जनमा विश्वव्यापी वृद्धि भएको भनिएको ९० करोड टनभन्दा तीन गुणा बढी हुने थियो ।ऊर्जाबाट



निरन्तर विस्तारका कारण विगतका वर्षहरूको तुलनामा वृद्धि सुस्त भएको अन्तर्राष्ट्रिय ऊर्जा निकाय (आईईए) ले शुक्रबार जनाएको छ ।

सन् २०२३ मा ऊर्जा क्षेत्रबाट कार्बन डाइअक्साइड उत्सर्जन १.१ प्रतिशत अर्थात् ४१ करोड टनले बढेर ३७.४ अर्ब टन पुगेको छ भने सन् २०२२ मा ४९ करोड टन कार्बन डाइअक्साइड उत्सर्जन भएको आईईएले आफ्नो वार्षिक अद्यावधिकमा उल्लेख गरेको छ ।

सौर्य प्यानल, हावावाट चल्ने टर्बाइन, आणविक ऊर्जा र विद्युतीय कार्बन उत्सर्जनमा गत वर्षको वृद्धिको ४० प्रतिशतभन्दा बढी चीन, संयुक्त राज्य अमेरिका, भारत र अन्य ठाउँहरूमा भीषण खडेरीको कारण भएको थियो जसले हाइड्रो-इलेक्ट्रिक उत्पादनमा कटौती भएको र उपयोगिताहरूलाई जीवाश्म ईन्धनको सहारा लिन बाध्य बनाएको थियो ।

पानीको कमी नभएको भए गत वर्ष मात्रै विद्युत् उत्पादनबाट हुने विश्वव्यापी कार्बन उत्सर्जनमा अझै धेरै कमी आउने थियो ।सन् २०२३ मा चीन र भारतमा ऊर्जा कार्बन उत्सर्जनमा वृद्धि भएको छ भने विकसित अर्थतन्त्रमा पनि गिरावट आएको छ । कोइलाको माग सन् १९०० को दशकको सुरुदेखि नदेखिएको स्तरमा झरेपछि उनीहरूको उत्सर्जन ५० वर्षयताकै न्यून बिन्दुमा झरेको छ ।

गत वर्ष पहिलो पटक, विकसित अर्थव्यवस्थाहरूमा उत्पादित कम्तिमा आधा बिजुली नवीकरणीय र आणविकजस्ता कार्बन डाइअक्साइड कम उत्सर्जन हुने स्रोतहरूबाट आएको थियो ।चीनमा कार्बन डाइअक्साइड उत्सर्जन बढेको भएपनि सन् २०२२ मा पूरै विश्वले गरेकाभन्दा चीनले सन् २०२३ मा त्यति नै सौर्य पीभी क्षमता थपेको छ ।

आईईएका कार्यकारी निर्देशक फातिह बिरोलले भन्नुभयो, "स्वच्छ ऊर्जा सङ्क्रमणले विगत पाँच वर्षमा तनाव परीक्षणको शृङ्खला पार गरेको छ र यसले आईईएको लचिलोपन प्रदर्शन गरेको छ ।"उहाँले भन्नुभयो, "महामारी, ऊर्जा सङ्कट र भूराजनीतिक अस्थिरताले स्वच्छ र अधिक सुरक्षित ऊर्जा प्रणाली निर्माण गर्ने प्रयासलाई विफल पार्ने सम्भावना थियो । तर हामीले धेरै देशहरूमा यसको विपरीत अवस्थामा देखेका छौं ।"

# ढाकामा आगलागी हुँदा कम्तीमा ४३ जनाको मृत्यु

**सिन्ह्वा**

ढाका । बङ्गलादेशको राजधानी ढाकाको एक अग्लो भवनमा बिहीबार राति आगलागी हुँदा कम्तीमा ४३ जनाको मृत्यु भएको छ ।बङ्गलादेशका स्वास्थ्य तथा परिवार कल्याणमन्त्री समान्तलाल सेनले शुक्रबार बिहान सिन्ह्वासँगको कुराकानीमा घटनाको पुष्टि गर्नुभएको छ ।



उहाँका अनुसार ३३ जनाको शव ढाका मेडिकल कलेज अस्पतालमा र १० जनाको शव ढाकास्थित शेख हसिना नेसनल इन्स्टिच्युट अफ बर्न एन्ड प्लास्टिक सर्जरीमा ल्याइएको छ ।ढाकास्थित फायर सर्भिस एण्ड सिभिल डिफेन्स हेडक्वाटरका इन्स्पेक्टर अनवारुल इस्लामले सिन्ह्वासँग कुरा गर्दै ४२ जना अचेत अवस्थामा रहेकासहित करिब ७५ जनालाई 'ग्रिन कोजी कटेज सपिङ मल' बाट उद्धार गरिएको र उनीहरुलाई विभिन्न अस्पतालमा लगिएको बताउनुभएको छ ।

इस्लामका अनुसार उद्धारकर्मीले घटनास्थलमा काम गरिरहेका छन् । राति ९:३० बजेतिर आगलागी भएको सूचना पाएपछि दमकल पठाइएको उहाँले बताउनुभयो ।स्थानीय समयअनुसार बिहीबार राति ११:३० बजे १२ वटा दमकल घटनास्थलमा पुगेर आगो नियन्त्रणमा लिएका थिए । अधिकारीका अनुसार सात तले भवनमा एउटा रेस्टुरेन्ट, एउटा आउटलेट र अन्य थुप्रै पसलहरू छन् ।

नाम उल्लेख नगर्ने शर्तमा अग्नि नियन्त्रकका अर्का एक अधिकारीले आगलागीमा परी घाइते भएकामध्ये केहीको अवस्था गम्भीर रहेकोले मृत्यु हुनेको सङ्ख्या अझै बढ्न सक्ने बताउनुभएको छ । शुक्रबार बिहानै आएको टिभी रिपोर्ट अनुसार भवनको केही भागमा शुक्रबार बिहान समाचार तयार पार्दासम्म आगलागी पूर्ण नियन्त्रणमा आउन सकेको छैन । आगलागीको कारण तत्काल खुल्न सकेको छैन ।

# नेपालले नामिबियालाई हरायो

**टुडे समाचारदाता**

काठमाण्डु । करण केसीको उत्कृष्ट बलिङमा नेपालले त्रिकोणात्मक अन्तर्राष्ट्रिय ट्वान्टी-२० शृंखलाअन्तर्गत आज भएको खेलमा नामिबियालाई तीन रनले पराजित गरेको छ ।

जितका लागि एक सय ८१ रनको चुनौती पछ्याएको नामिबिया निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै एक सय ७७ रनमा समेटियो । नामिबियालाई अन्तिम ओभरमा जितका लागि १२ रन आवश्यक रहेकामा नेपालका करण केसीले उत्कृष्ट बलिङ गर्दै नामिबियालाई आठ रन मात्रै दिए । योसँगै अन्ततः नेपालको जित सुनिश्चित भएको हो । यो जितसँगै दुई अङ्क जोडेको नेपालले फाइनल खेल्ने सम्भावना प्रबल बनाएको छ ।

नामिबियाको यो हारपछि पनि अङ्कतालिकामा भने समान दुई अङ्क नै छ । नेदरल्यान्डसको दुई खेलमा चार अङ्क रहेको छ । नेपाल पहिलो खेलमा नामिबियासँग २० रनले पराजित भएको थियो भने नेदरल्यान्ड्ससँग




२ विकेटले पराजित भएको थियो । त्यस्तै नामिबिया हिजो भएको खेलमा नेदरल्यान्ड्ससँग ५९ रनले पराजित भएको थियो ।

शुक्रबारको खेलमा नामिबियाका लागि कप्तान जेजे स्मिथले अर्धशतक प्रहार गरे । उनले २६ बलमा ६ चौका र दुई छक्का प्रहार गर्दै ५० रन जोडेका हुन् । जान फ्रिलिङ्कले ३७ रन जोडे भने जेपी कोट्जेले २५ र माइकल भान लिङ्गेनले १० रन बनाए । रुबेन ट्रम्पलम्यानले १४ रन जोड्दा जेन ग्रिनले अविजित २३ रन बनाए । बलिङतर्फ नेपालका करण केसी, सोमपाल कामी र कप्तान रोहित कुमार पौडेलले समान दुई/दुई विकेट लिए भने अभिनाश बोहोराले एक विकेट लिए ।

त्यसअघि कीर्तिपुरस्थित त्रिवि मैदानमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै एक सय ८० रनको योगफल बनाएको थियो । नेपालका लागि कुशल मल्लले अर्धशतक प्रहार गरे । उनले ३७ बल खेल्दै एक चौका र चार छक्काको मद्दतमा ५५ रन बनाएका हुन् । कुशलले आरिफ शेखसँग पाँचौ विकेटका लागि ८५ रनको साझेदारी गरेका थिए । आरिफले आउट हुनुअघि २४ बलमा चार चौकाको सहायताले ३१ रन जोडे ।

त्यस्तै गुलशन झाले १६ बल खेल्दै एक चौका र तीन छक्काको ससहायताले २६ रन बनाए भने अनिल शाहले १७ बलमा तीन छक्काको मद्दतमा २३ रन जोडे । दीपेन्द्र सिंह ऐरी आठ बलमा दुई चौका प्रहार गर्दै १६ रनमा आउट भए । कप्तान पौडेल ९ बलमा दुई चौका प्रहार गर्दै १० रनमा आउट भए । त्यस्तै सुरुआती ब्याट्सम्यान आसिफ शेख एक रनमा आउट हुँदा करण केसीले ७ र सोमपाल कामी २ रनमा आउट भए ।

बलिङतर्फ नामिबियाका बेन शिकाङ्गोलले तीन विकेट लिए भने ज्याक ब्रेसलले दुई विकेट झारे । त्यसैगरी बर्नार्ड स्कोल्ज र जान निकोल लोफटी इटनले समान एक/एक विकेट लिए । अब नेपालले शनिबार नेदरल्यान्डसँग खल्नेछ ।

## विश्वकप छनोटको प्रारम्भिक चरणमा ३३ खेलाडी छानिए

**टुडे समाचारदाता**

काठमाण्डु । फिफा विश्वकप-२०२६ एसियाली छनोटअन्तर्गत बहराइनविरुद्ध खेलका लागि नेपालले आज ३३ खेलाडीलाई प्रारम्भिक चरणमा छनोट गरेको छ ।

नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक भिन्सेन्जो अल्वेर्टो एनेसले बहराइनविरुद्ध आगामी चैत ८ र १४ गते हुने दुई खेलका लागि प्रारम्भिक चरणमा ३३ खेलाडी छनोट गर्नुभएको हो । नेपालले आगामी चैत ८ गते घरेलु मैदानमा खेल्नेछ भने चैत १४ गते बहराइनमा खेल्ने तालिका छ ।

छनोट हुने नेपाली टोलीको गोलकिपरमा किरण चेम्जोङ, अभिषेक बराल, विशाल सुनार र दीप कार्की छन् । रक्षकमा अजय चौधरी, अनन्त तामाङ, सुमित श्रेष्ठ, योगेश गुरुङ एन्जल महर्जन, विमल पाण्डे, विशाल बस्नेत, छिरिङ लामा, दीपेन्द्र विक, रोहित चन्द र सनिस श्रेष्ठ छन् ।

मिडफिल्डरमा एरिक विष्ट, मनिष डाङ्गी, रोहन कार्की, विशाल तामाङ, कृतिशरत्न छुन्जु, लाकेन लामा, मणिकुमार लामा, सन्तोष खत्री, सुरज जिउ ठकुरी र उत्सव राई छन् भने स्ट्राइकरमा अञ्जन विष्ट, आयुष घलान, दिनेश हेम्जन, जिलेस्पीजङ्ग कार्की, हिसुव थपलिया, राजेश परियार, समीर तामाङ, र सञ्जिव विष्ट छन् ।

# 'राजेन्द्र गुरु' कै वरिपरि कुस्ती पदक

**टुडे समाचारदाता**

महेन्द्रनगर । विसं २०५७ सम्म स्कुलस्तरको जुनियर राष्ट्रिय फुटबल खेलेका कञ्चनपुरको भीमदत्त नगरपालिका-५ वनगाउँका राजेन्द्र चन्दले फुटबलको यात्रा बिट मारेको वर्ष दिनमै कुस्ती खेलबाट सुदूरपश्चिमका लागि राष्ट्रिय कुस्ती प्रतियोगितामा पहिलो रजत पदक दिलाए ।

विसं २०५८ मा भएको कुस्तीको राष्ट्रिय प्रतियोगितामा सुदूरपश्चिमका लागि पहिलो रजत पदक दिलाएका चन्द फुटबलमा पनि अब्बल खेलाडी कहलिन्थे । "खेलाडी/प्रशिक्षकको त्यो बेलाको विवादले फुटबल छाडेर गाउँकै नरेन्द्र खत्रीको प्रेरणाबाट कुस्तीमा आए", उनले भने, "महेन्द्रनगरमा श्यामसिंह थापा गुरुको प्रशिक्षणमा रहेको वर्ष दिनमै पदक ल्याए ।"

विसं २०६५ मा कुस्तीको करार प्रशिक्षक नियुक्त भएपछि पनि राष्ट्रिय प्रतियोगितामा खेलेका चन्दले पछिल्लो समय मुलुककै इतिहास रच्ने गरी अब्बल खेलाडी उत्पादनका सफल प्रशिक्षक सावित भएका छन् । सुदूरपश्चिमबाट पहिलोपटक नवौँ दक्षिण एसियाली खेलकुदमा सहभागी भएका चन्दले राष्ट्रियस्तरमा भएका प्रतियोगितामा तृतीय हुनुपरेन ।

हाल कञ्चनपुरमा कुस्ती प्रशिक्षणमा रहेका चन्दले सक्रियता र खेलप्रतिको मेहनतकै कारण सुदूरपश्चिम कुस्तीका लागि मुलुकमै अब्बल भएको उनले प्राप्त गरेका पदकबाट सावित भइसकेको छ । विसं २०७४ मा हेटौँडामा भएको राखेप च्याम्पियनसिपबाट कञ्चनपुरका कुस्ती खेलाडीले स्वर्णको वर्षा गराउन थाले । जुन अहिले पनि निरन्तर छ ।

"विसं २०७४ मा पाँच स्वर्ण र एक रजत जितेको कञ्चनपुरले नवौँ बृहत् राष्ट्रिय




खेलकुदमा पाँच स्वर्ण, रजत र काँस्य जितेको थियो ।" नवौँमा सुदूरपश्चिमले जितेको कूल दश स्वर्णमध्ये पाँच कुस्ती खेलका खेलाडीले स्वर्ण जितेपछि आफूलाई सुदूरपश्चिमको अब्बल खेलाडी सावित गरिसकेका छन् ।

विसं २०५८ मा खेल जीवनमा रहेका बेला पदक दिलाएका गुरु चन्दले प्रशिक्षणमा रहँदा कुनै प्रतियोगितामा खेलाडी पदकविहीन अवस्थामा फर्किनु नपरेको बताउँछन् । "१३ औँ दक्षिण एसियाली खेलकुद प्रतियोगितामा कुस्तीमा सहभागी १४ जना खेलाडीमध्ये सात जना कञ्चनपुरका थिए", चन्दले भने, "त्यो खेलमा नेपालले पहिलोपटक दिलाएको स्वर्ण विजेता सङ्गीता धामी पनि हाम्रै उत्पादन हुन ।"

महेन्द्रनगरस्थित भृकुटी माविमा अध्ययनरत रहेका सङ्गीता धामीलाई प्रशिक्षक चन्दले नै कुस्ती खेलमा सहभागी गराएका थिए । "१३ औँ साफमा सङ्गीताले स्वर्ण जित्दै इतिहास रच्नुका साथै कुस्तीमा सुदूरपश्चिमको सफलता देखाइन्", चन्दले भने, "त्यो एउटा गुरुका लागि शब्दमा व्यक्त गर्न नसकिने खुसीको क्षण थियो ।" २०७४ सालयता राष्ट्रिय प्रतियोगितामा कुस्तीमा कञ्चनपुरले बर्चस्व कायम गर्दै आएको अभिलेख छ ।

"अहिले पनि खेल पूर्वाधार र खेल सामग्री बिना दश जना खेलाडी प्रशिक्षणमा छन्", चन्दले भने, "पुराना सबै खेलाडी विभागीय टिम छरिएर खेल्दै छन् ।" कञ्चनपुरमा कुस्ती खेलमा पुरुषभन्दा महिला खेलाडीले बढी पदक दिलाएको अभिलेखसमेत छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा ख्याति बटुलेका खेलाडी सङ्गीता धामी, मनिषा सिंह, सुरेश चुनारा, निर्मला जाग्री, अम्बिका भण्डारी, विमल सुनार, रेखा रावल, सन्तोष एसके, निर्मला जाग्री र सिवाङ्गी दुबे प्रशिक्षक चन्दकै उत्पादन हुन ।

कुस्तीमा केही समययता उर्वर भूमि मानिएको कञ्चनपुरमा निर्माणाधीन प्रशिक्षण केन्द्र भने अलपत्र छ । "हल निर्माणको काम प्रभावित भएको दुई वर्ष भइसक्यो", चन्दले भने, "चालु आवमा रु दश लाख प्रदेश सरकारले विनियोजन गरेको छ ।" पन्ध्र वर्षदेखि कुस्तीमा प्रशिक्षण गरेर सुदूरपश्चिमको नाम राख्दै आएका चन्दको जागिरे जीवन भने सन्तोषजनक छैन ।

"पन्ध्र वर्षदेखि करारमा रहँदा भविष्य कता जाने भन्ने नै भएन", चन्दले भने, स्थायीका लागि कुनै सुरसार छैन", उनले खेलकुदमा राज्यलाई पदक दिलाउने प्रतिभावान् खेलाडीको रोजगारीसहित भविष्य सुरक्षित बनाउने जिम्मेवारी राज्यले गम्भीर भएर लिनुपर्ने बताए ।

# यौन दुर्व्यवहारको ९९ वटा आरोप खेपिरहेका जापानका मेयरद्वारा राजीनामा

**एफपपी**

टोकियो । सामाजिक सञ्जालमा यौन उत्पीडनको ९९ वटा आरोप खेपिरहेका जापानी नगर प्रमुख (मेयर) ले शुक्रबार राजीनामा दिनुभएको छ ।

एक आधिकारिक अनुसन्धानले मध्य गिफु क्षेत्रको गिनान शहरका मेयर हिदेओ कोजिमामाथि सहकर्मीको स्तन र नितम्ब छुनेलगायत विभिन्न उत्पीडनका कार्यहरू गरेको आरोप लगाएको छ ।पत्रकारका अगाडि आसु पुछ्दै आरोपले आफ्नो बदनाम भएको र आफ्ना भाइले हप्काएको बताएको एक दिनपछि बिहीबार ७४ वर्षीय कोजिमाले राजीनामा दिने बताउनुभएको हो ।



उहाँले एउटा स्वतन्त्र समितिको प्रतिवेदनमा उल्लेखित केही आरोपको खण्डन गर्नुभएको छ जसमा उहाँले महिला कर्मचारीलाई पनि पदीय मर्यादाविपरीत अङ्गालो हाल्ने गरेको आरोप पनि लगाइएको छ ।"उहाँले टेलिभिजनसँगको सम्वादमा भन्नुभयो, "मैले त्यसो गरेको थिइनँ, मेरो हाउभाउ अँगालो हालेको जस्तो देखिन सक्छ, तर अँगालो हालेको होइन ।""प्रतिवेदनमा तटस्थताको अभाव छ र म चाहन्छु कि उनीहरूले थप सावधानीपूर्वक अनुसन्धान गरून्," उहाँले भन्नुभयो ।

प्रसारक एनएचकेका अनुसार कोजिमाले सम्पूर्ण रिपोर्ट पढिनसकेको बताउनुभएको छ । रिपोर्टमा नगर प्रमुखले 'आफ्नो ट्राउजर माथि सार्दै कर्मचारीलाई खुट्टा छुन भन्ने गरेको, केही कामदारहरूले छोएपछि कीटाणुनाशक स्प्रे प्रयोग गर्ने गरेको र अनुचित टिप्पणीहरू गर्ने र कर्मचारीहरूलाई झुक्न लगाउनेजस्ता कार्यहरू गर्ने गरेको' आरोप लगाइएको छ ।मङ्गलबार आफ्नो पद छोड्ने बताएका कोजिमाविरुद्ध सार्वजनिक रूपमा कुनै फौजदारी मुद्दा चलाइएको छैन ।

साप्ताहिक शुकान बुनशुन पत्रिकामा प्रकाशित समाचारपछि सुरु गरिएको अनुसन्धानमा मेयरले महिला कामदारको टाउकोमा पटकपटक छुने गरेको उल्लेख छ । कोजिमाले यसलाई 'कृतज्ञता व्यक्त गर्न' का लागि गरिएको कार्य बताउनुभएको छ ।यो समाचार शुक्रबार सामाजिक सञ्जाल एक्समा ट्रेन्डिङमा परेको थियो । समाचारबारे धेरै प्रयोगकर्ताहरूले आक्रोश व्यक्त गरेका थिए ।छानबिनका क्रममा समितिले कोजिमा नगरपालिकाका १९३ जना कामदारबीच सर्वेक्षणसमेत गरेको थियो ।

सर्वेक्षणमा सहभागी १६१ जनामध्ये ५३ प्रतिशत पुरुष र ५८ प्रतिशत महिलाले मेयरले आफूलाई असहज महसुस गराउने काम गरेको बताएका थिए ।जापानमा विश्वव्यापी बनिसकेको 'मिटू आन्दोलन'ले गति लिएको थिएन । यहाँ धेरै पीडितहरू अगाडि आउन निकै डराएका छन् तर पछिल्लो समय एकाध उच्च-ओहोदासँग सम्बन्धित मुद्दाहरू सार्वजनिक हुन थालेका छन् ।

# चीनको उत्पादन खरिद प्रबन्ध सुचकाङ्क घट्यो

**सिन्ह्वा**

बेइजिङ । चीनको उत्पादन क्षेत्रको लागि खरीद प्रबन्धक सूचकाङ्क (पीएमआई) फेब्रअरीमा ४९.१ कायम भएको छ । गत महिना ४९.२ बाट तल झरेको राष्ट्रिय तथ्याङ्क ब्यूरो (एनबीएस) को तथ्याङ्कले शुक्रबार देखाएको छ ।



जसमा ५० भन्दा माथिको तथ्याङ्कले विस्तारलाई जनाउँछ भने ५० भन्दा तलको तथ्याङ्कले सङ्कुचनलाई जनाउँछ । एनबीएसका वरिष्ठ तथ्याङ्कविद् झाओ किङ्हेले फेब्रअरी १०-१७ चलेको 'स्प्रिङ फेस्टिभल'को लामो बिदाले गिरावट ल्याएको बताउनु भएको छ । उहाँका अनुसार यस अवधिमा कर्मचारीहरू घर फर्किने भएकोले परम्परागत उत्पादनमा कमी आउँछ ।

ठूला उद्यमहरूमा अघिल्लो महिनाको तुलनामा विस्तारको दायरामा रहेको उप-सूचकाङ्क ५०.४ पुगेको थियो । यसैबीच, उत्पादनका लागि उप-सूचकाङ्कमा अघिल्लो महिनाको तुलनामा १.५ अङ्कले कमी आई ४९.८ कायम भएको छ । यसले कम सक्रिय उत्पादनलाई सङ्केत गर्दछ ।नयाँ मागको उप-सूचकाङ्क अघिल्लो महिनाको समान ४९ कायम भएको छ । यसले अघिल्लो महिनाको तुलनामा फेब्रुअरीमा उत्पादन बजारमा माग घटेको सङ्केत गरेको छ ।

उत्पादन कम्पनीलगातार बजार विस्तारको सन्दर्भमा भने आशावादी रहेको उत्पादन र व्यापार पूर्वानुमानको लागि उप-सूचकाङ्क ५४.२ कायम भएको छ । अघिल्लो महिनाको तुलनामा ०.२ प्रतिशतले बढी हो । चीनको गैर-विनिर्माण क्षेत्रको पीएमआई फेब्रुअरीमा ५१.४ मा आएको छ, जुन जनवरीमा ५०.७ थियो ।

# क्यानडाका पूर्व प्रधानमन्त्री ब्रायन मुलरोनीको निधन

**एएनआइ**

ओटावा । क्यानडाका पूर्व प्रधानमन्त्री ब्रायन मुलरोनीको ८४ वर्षको उमेरमा निधन भएको पारिवारिक स्रोतलाई उद्धृत गरी क्यानडास्थित सिटिभी न्यूजले जनाएको छ । प्रभावशाली तर विवादास्पद व्यक्तित्वका लागि परिचित पूर्व टोरी नेताले क्यानाडामा आफ्नो अमर परिचय स्थापना गर्नुभएको छ ।

क्युबेकको बाइ-कोमोमा मजदुर वर्गको परिवारमा जन्मेका मुलरोनीले राजनीति विज्ञानका विद्यार्थीका रूपमा आफ्नो राजनीतिक यात्रा सुरु गर्नु भएको थियो ।

कन्जरभेटिभ राजनीतिमा उहाँको प्रारम्भिक संलग्नतामा प्रधानमन्त्री जोन डिफेन बेकरको सल्लाहकारको रूपमा उहाँको सेवा सुरु भएको थियो । सन् १९७६ मा सङ्घीय प्रगतिशील कन्जर्भेटिभ नेता बन्ने आफ्नो प्रारम्भिक प्रयासमा पराजयको सामना गर्नुपरेको थियो । प्ररम्भिकि यात्रामा जो क्लार्कसँग हारेका मुलरोनीले हारबाट पाठ सिक्दै राजनीतिमा नै रहने दृढता व्यक्त गर्नुभएको सिटिभीले जनाएको छ ।

सन् १९८४ को सङ्घीय अभियानको विजयले क्यानाडाको १८ औं प्रधानमन्त्रीको रूपमा मुलरोनीको स्थान सुरक्षित बनाएको थियो । मुलरोनीको नौ वर्षको प्रधानमन्त्री कार्यकाल शक्ति र विभाजन दुवैको विशेषता थियो । उहाँले मिच लेक र शार्लटटाउन एकोर्डजस्ता पहलहरूमार्फत क्युबेकलाई संवैधानिक तहमा ल्याउन महत्वपूर्ण प्रयासहरू गर्नुभयो । यद्यपि दुवै प्रयास असफल भएका थिए ।

विश्वव्यापी मञ्चमा, मुलरोनीले रङ्गभेदको सक्रिय रूपमा विरोध गर्दै क्यानाडाको अन्तर्राष्ट्रिय प्रभाव बढाउनुभएको थियो । उहाँले रङ्गभेदविरोधी अभियान अन्तर्गत दक्षिण अफ्रिकामाथि प्रतिबन्ध लगाउनुभएको थियो । मुलरोनीको विरासतलाई प्रतिबिम्बित गर्दै, पूर्व कूटनीतिज्ञ र मुलरोनीका चिफ अफ स्टाफ डेरेक बर्नीले मुलरोनीले अपनाएका केही कडा निर्णयहरूबारे पुनरावलोकन गर्नुभएको थियो ।

# बैंकिङ क्षेत्र त्रसित र भयभित छः सिबिफिन

**टुडे समाचारदाता**

काठमाण्डु । बैंक तथा वित्तीय संस्था परिसङ्घ नेपाल (सिबिफिन) ले कर्जा दुरुपयोगको विषयलाई लिएर बैंकका कर्मचारी पक्राउ पर्दा समग्र बैंकिङ क्षेत्र त्रसित र भयभित बन्न पुगेको बताएको छ ।सिबिफिनले शुक्रबार एक प्रेस विज्ञप्ति जारी गर्दै धितो र कर्जा प्रवाहका विषयमा प्रचलित नियम तथा अन्तर्राष्ट्रिय बैंकिङ अभ्यासबारे गहिरो अध्ययन एवं जानकारीबिनै बैंकरमाथि धरपकड भएको आरोपसमेत लगाएको छ ।

"धितो र कर्जा प्रवाहका विषयमा सतही जानकारीका आधारमा कुनै पेसाकर्मीलाई दोषी करार भए जसरी नै नियन्त्रण लिइनुले समग्र बैंकिङ क्षेत्र त्रसित र भयभित बनेको छ भने समग्र लगानीकर्ता समेत सोचमग्न बनेका छन्", परिसङ्घले विज्ञप्तिमार्फत भनेको छ, "समग्र अर्थतन्त्रमा नै महत्वपूर्ण टेवा पुर्‍याइरहेका बैंकिङ क्षेत्रका कर्मचारीमा परेको मनोवैज्ञानिक सन्त्रासले भोलि राष्ट्रकै भविष्यमा पर्ने असरप्रति गम्भीर बनिदिन आग्रह गर्दछौं ।"

बैंक तथा वित्तीय संस्थाका गतिविधि नियामक नेपाल राष्ट्र बैंकको सुक्ष्म निगरानीमा रहने हुँदा बैंकभित्र कुनै पनि बदमासी भए तत्काल राष्ट्र बैंकले कारबाही गर्ने गरेको सिबिफिनको दाबी छ । "कर्जा प्रवाह गर्दा व्यक्तिगत लाभ हुने र बैंकलाई नोक्सानी हुने गरी बदमासी गर्ने सम्बद्ध व्यक्तिहरुलाई प्रचलित कानूनअनुसार कारबाही हुनुपर्दछ र हुँदै आएको पनि छ", उसले विज्ञप्तिमा भनेको छ, "व्यावसायिक/व्यापारिक कर्जा, पूर्वाधार तथा विकास निर्माणको आयोजनामा ऋण लगानी गर्दा उक्त परियोजनाको सम्भाव्यता, लागत, परियोजनासँग रहेको धितोसम्पत्ति, मौज्दात, आसामीसँग लिनुपर्ने/उठाउनुपर्ने रकम र सम्भावित आम्दानीसम्मलाई मध्यनजर गरेर ऋण लगानी हुने गरेको तथ्य जगजाहेर नै छ ।"

बैंकिङ क्षेत्रमा कर्जा प्रदान गर्नु, कर्जाको अवस्था हेरी सम्भावित जोखिम व्यवस्थापन गर्नु र खराब कर्जा असुलउपर गर्ने कार्य गर्नु सामान्य बैंकिङ प्रक्रिया रहेको हुँदा असल नियतबाट गरिएका कार्यलाई बेवास्ता गर्दै अनाहकमा कारबाहीको भागिदार बनाइनु न्यायसङ्गत नहुने सिबिफिनको तर्क छ । यस्ता कार्यले बैंकिङ क्षेत्रका कर्मचारीको सामाजिक जीवन र प्रतिष्ठामा मात्र नभई बिनाधितो वा परियोजना धितोमा कर्जा प्रवाहको अभ्यासमा समेत असर पर्ने उसले जनाएको छ ।

# अर्थतन्त्रका सूचक सकारात्मक देखिन थालेका छन् : अर्थमन्त्री

"म सरकारमा आउँदा आठ प्रतिशत मूल्यवृद्धि थियो, ब्याजदर १६ प्रतिशत थियो, अधिकांश लगानी जग्गा र शेयरमा गरेकाले प्रतिफल नआउँदा समस्या भयो, आर्थिक सुनिश्चितता नहुँदै धेरै योजना ल्याएका थिए, सहकारीलाई लुट्ने माध्यम बनाउन थालिएको थियो," उनले भने, "तर अहिले ब्याजदर एक अङ्कमा ल्याउन थालिएको छ, आर्थिक वृद्धिदर बढ्न थालेको छ, रातारात आर्थिक सुधार नहुने भएकाले विस्तारै अर्थतन्त्र सुधारोन्मुख भएको छ ।"

**टुडे समाचारदाता**

गलकोट । नेपाल सरकारका अर्थमन्त्री डा प्रकाशशरण महतले देशको अर्थतन्त्र विस्तारै लयमा फर्किन थालेको बताएका छन् । उनले आफूलाई नभई देश र जनताको लागि मात्रै सोचेर काम गरेको बताउँदै अर्थतन्त्रको दीर्घकालीन सुधारमा लागेको बताए ।

नेपाली कांग्रेस बागलुङले शुक्रबार आयोजना गरेको कार्यक्रता भेटघाट कार्यक्रममा अर्थमन्त्री महतले नेपालमा सूचना प्रविधि, पर्यटन र जलविद्युत्मा अथाहा सम्भावना रहेको बताउँदै रोजगारी सिर्जना गर्नेतर्फ सरकारको ध्यान गइरहेको जानकारी दिए । उनले वर्तमान सरकारले अर्थतन्त्रलाई विस्तारै लयमा फर्काएको सूचकले देखाउन थालेको बताए ।



"म सरकारमा आउँदा आठ प्रतिशत मूल्यवृद्धि थियो, ब्याजदर १६ प्रतिशत थियो, अधिकांश लगानी जग्गा र शेयरमा गरेकाले प्रतिफल नआउँदा समस्या भयो, आर्थिक सुनिश्चितता नहुँदै धेरै योजना ल्याएका थिए, सहकारीलाई लुट्ने माध्यम बनाउन थालिएको थियो", उनले भने, "तर अहिले ब्याजदर एक अङ्कमा ल्याउन थालिएको छ, आर्थिक वृद्धिदर बढ्न थालेको छ, रातारात आर्थिक सुधार नहुने भएकाले विस्तारै अर्थतन्त्र सुधारोन्मुख भएको छ ।"

वर्तमान सरकार आर्थिक दायित्व भुक्तानी गर्दागर्दै अहिलेको सरकार हैरान परेको अर्थमन्त्री महतले बताए । अहिलेको सरकारले तीन करोडभन्दा तलको योजना केन्द्र सरकारले नगरेर प्रदेश सरकारमा पठाउने उनको भनाइ छ । अघिल्लो सरकारले हचुवाका भरमा धेरै योजना ल्याउँदा दायित्व भुक्तानी गर्न असहज भएको उनको भनाइ छ । नेपाली कांग्रेसका प्रवक्तासमेत रहनुभएका अर्थमन्त्री महतले भावनाले राजनीति नचल्ने भन्दै राजनीतिक पार्टी भनेको सरकार चलाउने र समृद्धि ल्याउने गरी स्थापना भएको बताए ।

अहिलेको संवैधानिक अवस्थामा बहुमत ल्याउन नसक्ने भन्दै गठबन्धनको औचित्य स्थापित हुँदै जानु वास्तविकता रहेको बताए । शान्ति स्थापना गर्न नेपाली कांग्रेसले ठूलो भूमिका खेलेको उनको भनाइ छ । गठबन्धन परिस्थितिले सिर्जना गरेको बताउँदै उपलब्धि हासिल गर्न र एक्लै बहुमत आउन नसक्ने अवस्थामा गठबन्धन सिर्जना गर्न बाध्य भएको अर्थमन्त्रीको भनाइ रहेको छ । गठबन्धन रणनीतिक विषय भएको उनको जिकिर छ ।

कांग्रेस पार्टीले योग्य व्यक्ति सबैलाई न्याय गर्न नसकेको बताउँदै त्यसका लागि पार्टीमा पहल गर्ने अर्थमन्त्री महतले बताए । कांग्रेस एक्लै बहुमत ल्याउने गरी दृढताका साथ अघि बढ्नुपर्नेमा उनको जोड थियो । बागलुङको पञ्चकोटमा आयोजना भइरहेको अन्नतश्री बह्माण्डीय महायज्ञअन्तर्गत अर्थसंवाद कार्यक्रममा सहभागी हुन अर्थमन्त्री बागलुङ आउनुभएको हो । यही फागुन २३ गतेसम्म सञ्चालन हुने महायज्ञमा शिक्षा सम्मेलन, जनप्रतिनिधि सम्मेलन र कानुन सम्मेलनलगायतका विविध कार्यक्रम आयोजना भइसकेका छन् ।

# डिडिसीमा ठूलो परिमाणमा पाउडर दुध र मख्खन थन्कियो

**टुडे समाचारदाता**

काठमाण्डु । दुग्ध विकास संस्थान (डिडिसी)मा ठूलो परिमाणमा पाउडर दुध र मख्खन थन्किँदा किसानलाई रकम भुक्तानीमा समस्या देखिएको छ ।

डिडिसीले दैनिक रुपमा विभिन्न जिल्लाका कृषकमार्फत एक लाख ४० हजार लिटर दुध खरिद गर्दै आएपनि बजारमा दैनिक ९० हजार लिटरमात्र बिक्रीहुँदा समस्या देखिएको हो । संस्थानका उपमहाप्रवन्धक एवम् सूचना अधिकारी राजेन्द्रप्रसाद बढ्ने अपेक्षा लिएको छ । डिडिसीमा हाल रु सवा एक अर्ब बराबरको पाउडर दुध र मख्खन मौज्दात रहेको उपमहाप्रबन्धक अधिकारीले जानकारी दिए । उनका अनुसार हाल संस्थानमा नौ लाख किलो पाउडर दुध र सात लाख किलो मख्खन मौज्दात रहेको छ ।संस्थानले हाल विभिन्न ४३ जिल्लामा उत्पादन भएको दुध आफ्नै चिस्यान केन्द्र र विभिन्न सहकारीमार्फत खरिद गर्दै आम उपभोक्तामाझ पुर्‍याउँदै आएको छ । दुग्ध विकास संस्थान




अधिकारीले डिडिसीमा ठूलो मात्रामा पाउडर दुध र मख्खन थुप्रिएर बस्दा समस्या देखिएको बताए ।"हामीले मासिक ४२ लाख लिटर दुध विभिन्न किसानमार्फत खरिद गर्छौं तर बजारमा बिक्री २७ लाख लिटर हाराहारीमा मात्र हुन्छ, प्रत्येक महिना १५ लाख लिटर बराबरको पाउडर थुप्रिँदा समस्या भएको हो," उनले भने ।

दैनिक ५० हजार लिटर दुधको मख्खन र पाउडर दुध बनाएर भण्डारण गर्दै आइरहेको उनको भनाइ छ । डिडिसीले गर्मी बढेपछि दहीको बिक्रीवितरण मातहतमात्र हाल देशभर ६४ चिस्यान केन्द्र छन् ।

डिडिसीले हाल गुणस्तरका आधारमा चारण् प्रतिशत घृताशं (फ्याट) र आठ प्रतिशत 'एसएनएफ' रहेको दुधको न्यूनतम ६७ देखि अधिकतम ७२ शुल्कमा खरिद गर्ने गरेको छ । संस्थानले यसरी खरिद गरिएको दुध न्यूनतम प्रतिलिटर रु ८४ देखि अधिकतम रु एक सय २४ सम्म बिक्री गर्दै आएको छ डिडिसीले दही प्रतिलिटर रु एक सय ५० र घिउ वितरकलाई प्रतिकिलो रु एक हजार ८० मा बिक्री गर्दै आएको छ ।

# तरकारी र फलफूल खेतीबाट विदेशमा भन्दा बढी कमाइ

गलेश्वर । वैदेशिक रोजगारीका क्रममा कतारमा सात वर्ष बिताएपछि गाउँ फर्किएका म्याग्दीको मालिका गाउँपालिका-६ का सङ्केत पुनलाई दोस्रो पटक विदेश जान मन लागेन ।

पाँच वर्षअघि २०७४ सालमा कतारबाट दिच्याम फर्केपछि गाउँमा बाँझै रहेको तीन रोपनी जग्गालाई खनजोत गरेर पुनले तरकारी र सुन्तला खेती सुरु गरे । अहिले उनको बारीमा मौसमी र बेमौसमी तरकारी फलिरहेका छन् । गत वर्ष तरकारी बेचेर रू चार लाख आम्दानी भएको पुनले बताउँदै यस वर्षदेखि सुन्तला र कागती खेतीसमेत विस्तार गरेको जानकारी दिए ।

बेनी नगरपालिका-२ बञ्चरेढुङ्गाका ५३ वर्षीय हरिलाल घिमिरेको युवावस्था साउदी अरबको चर्को घाममा पसिना बगाउँदैमा बित्यो । तीन दशकअघि २० वर्षे उमेरमा साहुसँग ऋण लिएर मुग्लानको बाटो समाएका घिमिरेले दश वर्ष साउदी अरब र पाँच वर्ष भारतमा काम गर्दा पनि राम्रो कमाइ गर्न नसकेपछि घर फर्किए । घर फर्केर आफ्नै खेतको माटोमा पसिना बगाउन थालेपछि भने घिमिरेको जीवनमा हरियाली छाउन थालेको छ ।

जीवनको उर्बर समय मुग्लानमा पसिना बगाउँदै बिताए पनि राम्रो कमाइ गर्न नसकेपछि स्वदेशमा फर्किएर तरकारी खेतीमा लागेको भन्दै हरिलालले अहिले जीवनको उत्तरार्धमा व्यावसायिक तरकारी खेतीले प्रशस्त आम्दानी भइरहेको बताए ।पुन र घिमिरेजस्तै बेनी-२ खबराका शोभित शर्मा, चन्द्रबहादुर कार्की, रोहोटेका चन्द्रबहादुर घिमिरे, मङ्गला-५ का टीकाकुमारी खत्रीलगायत किसानले गाउँकै थोरै खेतबारीमा पनि व्यावसायिक रुपमा गरेको तरकारी र फलफूल खेतीबाट मनग्गे आम्दानी गर्न सफल भएका छन् ।



अधिकांश नेपालीहरू विदेशी भूमिमा आफ्नो पसिना बगाइरहेको अवस्थामा म्याग्दीका केही जाँगरिला युवायुवतीले आफ्नै माटोमा मनग्गे आम्दानी गर्न सफल भएका मालिका गाउँपालिका-६ का वडाध्यक्ष पथबहादुर रोकाले बताए । उनका अनुसार पछिल्लो समय आफ्नै देशमा केही गर्नुपर्दछ भनेर खाडीमुलुकबाट गाउँ फर्केर व्यावसायिक कृषिमा लागेका युवाको संख्या बढ्दै गएको छ ।सन् २०२१ मा कोरोना महामारीको समयमा युएईबाट गाउँमा फर्केर तरकारी खेती सुरु गरेका मालिकाकै टेकबहादुर सिउथानीको बारीमा बाह्रै महिना तरकारी खेती हुने गरेको छ । तरकारी खेतीबाटै खर्च चल्न थालेपछि विगतमा जस्तो उहाँलाई अहिले घरखर्च चलाउन विदेश जानुपरेको छैन ।

युट्युब हेरेर तरकारी खेतीको सुरुआत गरेको बताउने सिउथानीले तरकारी बिक्री गरेर वार्षिक रू तीन लाखको हाराहारीमा कमाइ हुने गरेको बताए । "पहिला विदेशको भूत चढ्यो, विदेश गए पछि के के न गरिएलाजस्तो लाग्यो र ऋणधन गरेर विदेश गएँ । विदेश गएको अर्को वर्ष कोरोना महामारी सुरु भयो । काम नपाएपछि गाउँमा फर्केर सुरु गरेको तरकारी खेतीले अहिले खानबस्न समस्या छैन", उनले भने ।

सिउथानीले मोबाइलमा युट्युब हेरेर बेमौसमी तरकारी खेती गर्ने तरिका सिकेको बताए । "थोरै जग्गामा पनि मौसमी तथा बेमौसमी तरकारीखेती गरेर मनग्गे आम्दानी गर्न सकिँदोरहेछ भन्ने कुरा थाहा पाएपछि व्यवसायिक खेती सुरु गरेको थिएँ", उनले भने, "सुरुसुरुमा तरकारी खेतीबाट खासै राम्रो कमाइ गर्न नसके पनि हिम्मत हारिन । विदेशमा कमाउन नसकेको मान्छेले माटोमा पसिना बगाएर के कमाउला भनेर गिज्याए पनि म काममा निरन्तर लागिरहेँ ।"

अहिले सिउथानीको खेत बारीमा गोलभेँडा, काँक्रो, करेला लटरम्मै फलेका छन् । खेतबारीमा फलेका तरकारीसँगै सिउथानीको घरपरिवारमा खुसी र सन्तुष्टि पनि छाएको छ ।म्याग्दीमा पछिल्लो समय तरकारी र फलफूल खेतीप्रति युवाको आकर्षण बढ्दै गएको जिल्ला कृषि ज्ञान केन्द्रले जनाएको छ । केन्द्रका अनुसार जिल्लाका एक सय बढी व्यक्ति व्यावसायिक तरकारी खेतीमा लागेका छन् । त्यसैगरी फलफूल खेतीतर्फ पनि उत्तिकै आकर्षण छ । यस वर्ष जिल्लाबाट रू २० करोड मूल्य बराबरको सुन्तला निकासी भएको केन्द्रले जनाएको छ ।

केन्द्रका प्रमुख सञ्जीव बास्तोलाका अनुसार यस वर्ष जिल्लामा सात सय ५५ हेक्टर क्षेत्रफलमा सुन्तला उत्पादनयोग्य भूमि रहेकामा चार सय हेक्टर क्षेत्रफलमा मात्रै सुन्तला लगाइको थियो । उक्त क्षेत्रफलमा तीन हजार छ सय मेट्रिक टन सुन्तला फल्दा न्यूनतम मूल्य प्रतिकिलो रू ५५ का दरले बिक्री गर्दा पनि कृषकले रू १९ करोड ८० लाख आम्दानी गरेका उनले जानकारी दिए ।

यहाँ उत्पादन भएको सुन्तला जिल्ला सदरमुकाम बेनीका साथै पोखरा, काठमाडौँ, चितवन, मुग्लिनलगायतका बजारमा निकासी भएको केन्द्रले जनाएको छ । केन्द्रका प्रमुख बास्तोलाले म्याग्दीका अधिकांश बगैँचाको सुन्तला निकासी भइसकेको भन्दै यस वर्ष सबैभन्दा बढी बेनी-३ भकिम्लीबाट निकासी भएको जानकारी दिए ।

जिल्लाको भकिम्ली, राखु, मरेक, सुर्केमेला, बरञ्जा, भेडाबारी, अर्मन, रुन्मा, बिम, ओखरबोट, ताकम, घतान, पिप्ले, भगवती, बेग, दोवा, दोसल्ले, घार, भुरुङ तातोपानी, दाना र नारच्याङमा दुई सयभन्दा बढी सुन्तला बगैँचा रहेका कृषि ज्ञान केन्द्रको तथ्याङ्कमा छ ।

कृषि ज्ञान केन्द्र, स्थानीय तहको कृषि शाखा र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सुन्तला जोनका प्राविधिकले म्याग्दीका विभिन्न ठाउँमा क्रप कटिङ विधिबाट सुन्तला उत्पादनको अवस्था अध्ययन गरेका थिए ।

केन्द्रकी सूचना अधिकारी सम्झना शर्माले प्रतिहेक्टर ११ मेट्रिक टनको अनुपातमा सुन्तला फलेको बताए । केन्द्रका अनुसार आव २०७८/०७९ मा दुई हजार एक सय ८० मेट्रिक टन सुन्तला उत्पादन हुँदा रू १३ करोड जिल्लामा भित्रिएको थियो भने गत आवमा करिब तीन हजार मेट्रिक टन सुन्तला उत्पादन हुँदा रू १९ करोड बढी आम्दानी भएको थियो । यस वर्ष मङ्सिरको अन्तिम सातादेखि सुन्तला टिप्न सुरु भएको थियो ।रासस

# भुक्तानी नपाएपछि सडकमा दूध पोखेर किसान आन्दोलित



**टुडे समाचारदाता**

इलाम । इलामसहित कोशी प्रदेशका आठ हजार बढी किसानले दुग्ध विकास संस्थान (डिडिसी)लाई बिक्री गरेको दूधको भुक्तानी छ महिनादेखि नपाएको जनाउँदै इलामका किसानले बिहीबार मेची राजार्गमा विरोध जनाएका छन् । जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घ इलामको आयोजनामा भेला भएका करिब दुई सय किसानले सूर्योदय नगरपालिका-१० फिक्कल बजारस्थित मेची राजमार्गमा दूध पोखेर विरोध जनाएका हुन् । उनीहरूले यथाशीघ्र किसानले भुक्तानी पाउनुपर्ने माग राखेका छन् । चक्काजाम गरिँदा करिब एक घण्टा मेची राजमार्ग अवरुद्ध भएको थियो ।

दूध बेचेको पैसाले गर्जो टार्दै आएका किसानलाई छ महिनायता परिवार पाल्न मुस्किल छ । इलामसहित कोशी प्रदेशका आठ हजार बढी किसानले दुग्ध विकास संस्थान (डिडिसी)लाई बेचेको दूधको भुक्तानी छ महिनादेखि पाएका छैनन् । भुक्तानी नपाउँदा चामल किन्न नसकिएको इलामकी सावित्रा राउतको गुनासो छ । "साहुसँग ऋण काढेर मान्छेलाई चामल र गाईलाई चोकर ल्याएको आधा वर्ष भइसक्यो", राउतले भने, "हिसाब गर्दा बुझाउन रु ५० हजार पुगेछ, अब ऋण नतिरे साहुले पनि दिँदैनन्, डिडिसीले दूधको पैसा दिने छाँटकाँट देखाएको छैन ।"

भुक्तानी नपाएर किसान मारमा परेपछि किसानसम्बद्ध विभिन्न १५ सङ्घसंस्थाले दूधको भुक्तानी माग गर्दै इलामलगायत देशभर आन्दोलन जारी राखेका छन् । उनीहरूले फागुन १० देखि आन्दोलनलाई निरन्तरता दिँदै इलाम जिल्ला प्रशासनमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्रसमेत बुझाएका छन् । अखिल नेपाल किसान महासङ्घ केन्द्रीय सदस्य हेम कट्टेल र इलाम अध्यक्ष महानन्द सापकोटासहितले सरकारलाई दूधको मूल्य भुक्तानी माग गरी ज्ञापनपत्र पेस गरेका हुन् ।

उनीहरूले लम्पी स्किन रोगले पशु मरेर, दूध बेच्न नपाएर थलिएका किसानले बेचेको दूधको भुक्तानी सरकारीसहित अन्य क्रेताले पनि दिन नसकेको गुनासो गरेका छन् । उनीहरूले किसानले उत्पादन गरेको सबै दूध बिक्ने वातावरण बनाउनेसहितका १८ बुँदे मागपत्र सरकारलाई बुझाएका हुन् । माग पूरा नभए मेचीसहित देशका मुख्य राजमार्ग बन्द गर्नेसम्मका कार्यक्रम उनीहरूले घोषणा गरेका छन् । किसान महासङ्घ, अखिल नेपाल किसान महासङ्घ, राष्ट्रिय प्रजातान्त्रिक किसान सङ्गठन, केन्द्रीय दुग्ध सहकारी सङ्घ, नेपाल दुग्ध व्यवसायी सङ्घ, दुग्ध उत्पादक किसान सङ्घलगायत किसानका सङ्घ-सङ्गठनले संयुक्तरूपमा आन्दोलनका कार्यक्रम अघि बढाएका छन् ।

डिडिसीले विराटनगर आयोजनासहित १० चिस्यान केन्द्रसमेत गरी दैनिक २६ हजार लिटर दूध सङ्कलन गर्दै आएको छ । त्यसैगरी अन्तरआयोजना ढल्केवर र हेटौंडाबाट थप २१ हजार लिटर दूध विराटनगर आयोजनामा आउने गरेको छ । किसानबाट खरिद गरेको छ महिनाको रु ५० करोड बढी सहकारीमार्फत किसानलाई भुक्तानी दिन बाँकी रहेको डिडिसीले जनाएको छ । आयोजनाले विभिन्न सहकारीमार्फत इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम र सप्तरी जिल्लाबाट दूध सङ्कलन गर्दै आएको छ । जसमा कोशी प्रदेशका आठ हजार बढी किसान आबद्ध छन् ।

किसानबाट खरिद गरिएको दूधको उत्पादन व्यापारमा आएको ह्रासका कारण किसानलाई समयमै भुक्तानी दिन समस्या भएको दुग्ध विकास संस्थान विराटनगर आयोजना प्रमुख परमेश्वर चौधरीले बताए । उनले अहिले पनि ठूलो मात्रामा दुग्धजन्य उत्पादन आयोजनाका स्टोरमा लामो समयदेखि थन्किएका कारण किसानलाई गएको साउनयता भुक्तानी दिन नसकिएको बताएका छन् । "पछिल्लो समय घ्यू बिक्री नभएको र बढी भएको दूधबाट (धुलो दूध) बनाएर राख्नुपर्दा चालु पुँजी अभाव छ । अहिले पनि रु ३० करोड ५० लाखको धुलो दूध, मक्खन र घ्यू विराटनगर आयोजनामा मौज्दात छ", उनले भने ।

गएको जेठयता रु छ करोडबराबरको ५० टन बढी धुलो दूधको पाउडर, रु ११ करोड मूल्यबराबरको ९० मेट्रिक टन मक्खन, रु नौ करोड ५० लाख मूल्यको आठ मेट्रिक टन घ्यू स्टोरमा रहेको जानकारी दिँदै आयोजना प्रमुख चौधरीले यसअघि विभिन्न सहकारीमार्फत किसानबाट खरिद गरेको दूधको पैसा पाक्षिकरूपमा उपलब्ध गराउँदै आएको बताएका छन् ।

# पर्यटकको प्रतिक्षामा करबाकेली

**टुडे समाचारदाता**

बेनी । अग्लो डाँडाबाट दन्तेहलरजस्तै देखिने मनमोहक हिमशृङ्खला र रातम्मे भएको 'गुराँसे जङ्गल'ले समय गएको पत्तो दिँदैन । डाँडामा बनेका धार्मिक धरोहरका थानहरूले मन शान्त पारिदिन्छ । धुरीबाट फन्को मारेर देखिने दृश्यले पर्यटकलाई लोभ्याइरहेको हुन्छ । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-८ करबाकेलीमा पुग्ने पर्यटकले यस्तै अनुभूति गर्न पाउँछन् ।

पुन समुदायको कूलदेवता 'करबाकेली बाबा'को अनुसन्धान गरेर विसं २०६६ देखि निर्माण सुरु भएको करबाकेली थान, पदमार्ग, पुन सङ्ग्राहलयलगायतका पूर्वाधार निर्माणले यो क्षेत्र अहिले धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास भएको छ । समुद्री सतहबाट दुई हजार तीन सय ३२ मिटर उचाइमा अवस्थित करबाकेली धवलागिरि र अन्नपूर्ण हिमशृंखलाका करिब एक दर्जन हिमाललाई नजिकबाट अवलोकन गर्ने उपयुक्त स्थल मानिन्छ ।

गुर्जा, धवलागिरि, मानापाथी, बराह शिखर, नीलगिरि, अन्नपूर्ण, माछापुच्छ्रेलगायतका हिमाल यहाँबाट लहरै अवलोकन गर्न सकिन्छ । वरिपरि गुराँसे जङ्गलले घेरिएको करबाकेली क्षेत्र यतिबेला सुन्दर देखिएको छ । थरिथरिका गुराँसका फूल फुल्न थालेपछि यस क्षेत्रमा पर्यटकको आगमन बढ्न थालेको छ । असोजदेखि मङ्सिरसम्म धेरै पर्यटक आउने भए पनि फागुन-वैशाखको याम गुराँसे जङ्गल र हिमालसँग रमाउन पर्यटक आउने गरेको करबाकेली थान संरक्षण समितिका सचिव रवि गर्वुजाले बताए ।

यस क्षेत्रको पर्यटन विकासका लागि 'करबाकेली इको ट्रेक' सञ्चालनमा रहेको छ । विसं २०७५ वैशाखदेखि पुनहिलबाट फूलबारी, करबाकेली थान हुँदै बेनीबजारलाई जोड्नेगरी सञ्चालनमा ल्याइएको यस पदमार्गमा आन्तरिक तथा बाह्य पर्यटक आउन थालेका छन् । थानमा पूजा गर्न आउने भक्तजनसँगै भ्रमणमा आउने पर्यटक पनि बढ्दो क्रममा छन् । पदमार्गलाई प्रचारप्रसार गरी पर्यटन आगमन बढाउने स्थानीयको जमर्को रहेको छ ।

यस क्षेत्रको भ्रमणमा आउने पर्यटकको सुविधाका लागि करबाकेली थान परिसरमै सामुदायिक पाहुनाघर निर्माण गरिएको छ । समितिका सचिव गर्वुजाले भाडामा होटल सञ्चालन गर्दै आउनुभएको यस घरमा अहिले दैनिक ४० जनासम्मलाई बसोबासको प्रबन्ध मिलाउने क्षमता रहेको छ । "नौवटा स्तरीय कोठा छन्, धेरै पर्यटक आएमा समेत राख्न सक्ने थप व्यवस्था गरेका छौं, अहिले थानको पूजामा आउनेहरू धेरै भए पनि पर्यटक होटलमा बास बस्न आउन थालेका छन, यसको प्रचारप्रसार भएमा पर्यटकको सङ्ख्या बढ्ने आशा गरेका छौं", उनले भने ।

करबाकेली थान, पाहुनाघर, पदमार्ग, प्रवेशद्वारसँगै पुन समुदायको संस्कृति, परम्परा र रहनसहन झल्कने सङ्ग्राहलय निर्माण भएको छ । करबाकेली बाबाले बसोबास गरेको मान्यता रहेको यस क्षेत्रमा कुवा, नौकुने ढुङ्गा, महभिरलगायतका करबाकेलीका अवशेष रहेका छन् ।

# 'गठबन्धन सरकार असक्षम र असफल सावित'



**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा (एमाले) का महासचिव शंकर पोखरेलले गठबन्धनको सरकार बनेपछि मुलुकको विकास र समृद्धि तर्फको कामकारबाही सुस्तढंगले अगाडि बढिरहेको बताएका छन् ।

जनकपुरधाम विमानस्थलमा शुक्रबार संचारकर्मीहरुसँग कुराकानी गर्दै महासचिव पोखरेलले एमालेको सरकारले मुलुकको विकास निर्माण र समृद्धिको यात्राले तीव्रता पाएको बताउँदै उनले अहिलेको गठबन्धन सरकारमा भ्रष्टाचार, अनियमितता, अराजकता मौलाउदै गएको आरोपसमेत लगाए ।

महासचिव पोखरेलले अहिलेको सरकारले आन्तरिक स्रोतबाट शिक्षक र कर्मचारीलाई समेत तलब खुउवाने अवस्थामा नरहँदा यही सरकारका कारण भविष्यमा मुलुक कमजोर बन्ने सम्भावना बनिरहेको प्रति चिन्तासमेत व्यक्त गरे ।

गठबन्धन सरकार पूर्णरुपमा असक्षम र असफल सावित भइसकेको महासचिव पोखरेलले आरोप लगाए । उनले पुँजीगत खर्च इतिहासकै कमजोर अवस्थामा पुगेको र पुँजीगत खर्च भविष्यमा देश कस्तो बन्ला भन्नेकुराको आधार भएको बताए ।

उनले सुशासनमा सरकार असफल र निकम्मा भएकै कारण अनुसन्धानका लागि मन्त्रीहरु भण्डा हल्लाएर अख्तियार धाउनु परेको अवस्था रहेको बताए ।

महासचिव पोखरेलले भने, 'सामान्यतः अभियोग लागेपछि र अनुसन्धानको प्रक्रिया सुरु भएपछि पदमा बसिरहन मिल्दैन । तर सरकार स्वयम् आफैँले अनुसन्धान गर्दा मन्त्री दोषी किटान हुन्छ हुँदा पनि राजीनामा आउँदैन ।'

सरकारले सुशासनको हल्ला गरे पनि दोषी मान्छेहरुलाई जोगाइरहेको उनले आरोप लगाए । उनले मन्त्री दोषी ठहर हुँदासमेत राजीनामा नदिएको प्रति असन्तुष्टि व्यक्त गरे ।

# जोखिममा सत्तागठबन्धन



ब्लग :




**श्यामसुन्दर शशि**

एमाले कोटाबाट राष्ट्रिय सभामा अध्यक्ष निर्वाचित गणेश तिमिल्सिना आउँदो फागुन ३० गते ६ वर्षे कार्यकाल पूरा गर्दै गर्दा सत्तागठबन्धनभित्र गम्भीर खटपट सुरु भएको छ । सत्ताप्राप्तिकै लागि डेढ वर्ष अघि बनेको कांग्रेस, माओवादी, एकीकृत समाजवादी र मधेश केन्द्रित दलहरुको अप्राकृतिक सत्ता गठबन्धनभित्रको यो खटपट सतहमा आउँन ढिलो भए पनि यसको संकेत भने कोशी प्रदेशको मुख्यमन्त्री र राष्ट्रिय सभा निर्वाचनकै बेला छरपष्ट भइसकेको थियो । जब, नेपाली कांग्रेसको घातको कारण गठबन्धनले तोकेका जनजाति समुदायका माओवादी नेता मुख्यमन्त्री बन्न सकेका थिएनन् र कांग्रेसका विद्रोही नेता उद्धव थापा नेकपा एमालेको सहयोगमा मुख्यमन्त्री निर्वाचित भएका थिए । राष्ट्रिय सभा निर्वाचनमा सत्तागठबन्धनबाट नेपाली कांग्रेसका कृष्णप्रसाद सिटौला विजयी भए अनि माओवादी उम्मेदवार पराजित भएका थिए ।

सत्तागठबन्धनले तोकेको जनजाति समुदायका नेतालाई मुख्यमन्त्री बन्नबाट रोक्न सत्ताधारी समुदायका उद्धव थापाको नेतृत्वमा नेपाली कांग्रेसका आठ प्रदेश सांसदले विद्रोह गर्नु, थापालाई केपी ओली नेतृत्वको एमालेले सहयोग गर्नु अनि विश्वासको मत लिने बेला गठबन्धनको निर्णय विपरीत मुख्यमन्त्री बनेका थापामाथि कारबाही गर्नुको सट्टा शेरबहादुर देउवा नेतृत्वको नेपाली कांग्रेस, प्रचण्ड नेतृत्वको माओवादी केन्द्र तथा आफूलाई पहिचानवादीको बिल्ला भिडाउने उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी समेतले विश्वासको मत दिनुले यो देशमा अझै पनि दलित, जनजाति, मधेशी, मुस्लिम, महिला राजनीतिको मूल प्रवाहमा आउँन नसकेको तथा एकल जातीय अग्राधिकार कायमै रहेको पुष्टि गरेको थियो ।

मैथिलीमा एउटा उखान छ- 'मिले मोछमे मोछ कि मिले धोंछमे धोंछ ।' सत्तागठबन्धनका दुई ठूला दल नेपाली कांग्रेस र माओवादी केन्द्रका मुखियासंग यो उखान ठ्याक्कै मेल खान्छ । सत्ताका लागि दुबै नेता जे सुकै गर्न तयार हुन्छन् । इतिहास केलाउने हो भने गरेका पनि छन् । नभए कांग्रेससंग चुनावी गठबन्धन गरेका प्रचण्ड एमालेसंग मिलेर प्रधानमन्त्री बन्ने थिएन अनि आलोपालो प्रधानीमन्त्री बन्ने ग्यारेन्टी नभएको भए कांग्रेस सभापति शेरबहादुर देउवा विपक्षी खेमामा गई सकेका प्रचण्डलाई विश्वासको मत दिने थिएनन् ।

कोशीको निर्वाचन परिणामबाट बिच्किएका माओवादी केन्द्रले स्थायी समिति बैठकमा राष्ट्रिय सभा अध्यक्ष निर्वाचनमा आफ्नै पार्टीका नेतालाई अघि सार्ने निर्णय गरेको छ । उता अध्यक्ष बन्ने दाउँमा राष्ट्रिय सभा पुगेका कांग्रेस नेता कृष्णप्रसाद सिटौला आफ्नो लियाकतले भ्याएसम्म दौडधूप गर्दै छन् । पार्टी नेतृत्वले पनि जोडजम गर्न छाडेको छैन् । माओवादी नेताहरुको बडि लंगवेज र प्रतिकृयामाथि ध्यानाकर्षण गर्दा सत्तागठबन्धन टुटको संघारमा देखिन्छ । बिहीबार प्रधानमन्त्री पुष्पकमल दाहाल भरतपुर विमानस्थलमा पत्रकारसँग कुरा गर्दै कोशीमा माओवादीका राष्ट्रिय सभा उम्मेदवार पराजित भएपछि भिन्न राजनीतिक घटनाक्रमको विकास भएको भन्दै राष्ट्रिय सभा अध्यक्ष उम्मेदवार खडा गर्ने निर्णय भएको प्रतिकृया दिएका थिए । प्रचण्डले राष्ट्रियसभा अध्यक्षको चुनावलाई लिएर प्रमुख प्रतिपक्षी दल नेकपा एमालेसँग वार्ता भइरहेको पनि खुलासा गरेका थिए । 'यो विषयमा विभिन्न स्तरमा छलफल चलेको छ, तर अहिलेसम्म कुनै पनि ठोस निर्णय भइसकेको छैन' पत्रकारहरुलाई प्रचण्डको जवाफ थियो । माओवादीले स्थायी समिति बैठकबाट राष्ट्रियसभा अध्यक्षमा उम्मेदवारी दिने निर्णय गरेको भोलिपल्टै प्रचण्डले एमालेसँग वार्ता भइरहेको अभिव्यक्ति दिएका थिए । फागुन ७ देखि १० गतेसम्म चलेको नेपाली कांग्रेसको विधान महासमिति बैठकमा जनयुद्ध, धर्मनिरपेक्षता आदि विषयमा भए/गरेको टिप्पणीले पनि माओवादीलाई हच्काएको छ ।



अर्कोतर्फ कांग्रेस नेता कृष्णप्रसाद सिटौलालाई राष्ट्रिय सभाको अध्यक्ष बनाउन दुई पार्टीको नेतृत्वबीच भएको अनौपचारिक सहमति विपरीत माओवादीले उम्मेदवार अघि सार्नु उचित नहुने कांग्रेसको निष्कर्ष छ। माओवादीको निर्णयलाई लिएर कांग्रेस सभापति शेरबहादुर देउवाले पार्टीका उपसभापति, महामन्त्री र संसदीय दलका प्रमुख सचेतकसँग बिहीबार गरेको बैठकले यस्तो निष्कर्ष निकालेको थियो ।

राष्ट्रिय सभा अध्यक्षको निर्वाचनको मिति नजिकिदै गर्दा एमाले अध्यक्ष केपी शर्मा ओली र प्रधानमन्त्री प्रचण्ड बीचको भेंटघाटले तीव्रता पाएको छ । नारायणी किनारमा उद्घाटन हुने भरतपुर भ्रमण वर्ष उद्घाटन समारोहमा ओली जान तयार हुनु यसको पछिल्लो उदाहरण हो । जबकि शुक्रबार ओली सहभागी हुने पार्टी कार्यक्रमहरुको सूची पूर्वनिर्धारित थियो । तर प्रचण्ड पुत्री एवं भरतपुरका मेयर रेणु दाहालले फोन गरेपछि ओली, प्रधानमन्त्री प्रचण्ड र पूर्व प्रधानमन्त्रीहरुसँगै चितवन जान तयार भएको श्रोतबाट जानकारी भएको छ ।

वर्तमान सत्तागठबन्धन भित्र आलोपालो प्रधानमन्त्री बन्ने सहमति भएको सबैलाई थाहै छ । सहमति अनुसार प्रचण्डले अघिल्लो केही महिनाभित्र राजीनामा दिइ माधवकुमार नेपाललाई प्रधानमन्त्रीको पद हस्तान्तरण गर्नु पर्ने हो । तेश्रो चरणमा कांग्रेस सभापति देउवा प्रधानमन्त्री हुने तथा ८४ को आम निर्वाचन उनकै नेतृत्वमा हुने सहमति छ । यता प्रचण्ड प्रधानमन्त्रीको पद बचाइ राख्ने चक्करमा एमालेसंग सम्बन्ध विस्तार गर्ने रणनीतिमा छन् । उता सहमति अनुसार तेश्रो चरणका प्रधानमन्त्री शेरबहादुर देउवा जे गरेर भए पनि गठबन्धन जोगाई राख्न चाहन्छन् ।

अब हेर्न बांकी छ, सत्तागठबन्धनलाई जोगाई राख्न प्रधानमन्त्री प्रचण्ड अनौपचारिक भए पनि समझौता अनुसार कृष्णप्रसाद सिटौलालाई राष्ट्रिय सभामा अध्यक्ष बनाउन अग्रसर हुन्छ कि प्रधानमन्त्रीको पद लम्ब्याउन एमालेसंग अर्को सत्तागबन्धन गर्ने छन् ? कांग्रेस सभापति तेश्रो चरणमा प्रधानमन्त्री बन्ने अवसरलाई तिलाञ्जली दिई सिटौलालाई मैदानमा उतार्छन कि उतार्दैन ? कांग्रेस र माओवादी दुबैका फरक-फरक उम्मेदवार मैदानमा आए वर्तमान सत्ता गठबन्धन जोगिने संभावना अति न्यून हुने छ ।

# चार बिघा जग्गा सरकारको नाममा फिर्ता

**टुडे समाचारदाता**

वीरगञ्ज । किर्ते गरी व्यक्तिको नाममा दर्ता गरिएको जग्गा पुनः सरकारको नाममा कायम भएको छ । पर्साको जगरनाथपुर गाउँपालिका-३ बिजबनीयामा रहेको करिब ४ बिघा सरकारी जग्गा किर्ते कागजात खडा गरी व्यक्तिको नाममा नामसारी भएको थियो ।

मालपोत कार्यालय पर्सामा उजुरी परेपछि प्रमाणसहितको कागजातको आधारमा सो जग्गा नेपाल सरकारको नाममा फिर्ता भएको छ । साविकको बिजबनीया गाविस-२ स्थित नदी किनारको कित्ता नम्बर ६२ को तीन बिघा १८ कठ्ठा जग्गा किर्ते कागजातको आधारमा दुईजना व्यक्तिले आफ्नो नाममा नामसारी गराएका थिए । बहुदरमाई नगरपालिका- २ विश्रामपुर निवासी चन्द्रकली कुर्मीन र महेन्द्र प्रसाद गोढले सो सरकारी जग्गा आफ्नो नाममा दर्ता गराएका थिए ।



सरकारी जग्गा किर्ते गरी व्यक्तिको नाममा दर्ता भएको सूचना स्थानीयले गाउँपालिका कार्यालयमा दिएपछि पालिकाले प्रमाण संकलन गरी मालपोतमा पत्राचार गरेको थियो । गाउँपालिका अध्यक्ष श्रीकान्त यादवले जग्गा सरकारको नाममा फिर्ता गराउन मालपोत कार्यालयलाई पत्राचार गरेका थिए ।

'गाउँपालिका कार्यालयले प्रमाण सहितको कागजात मालपोतलाई उपलब्ध गराएको थियो,' जगरनाथपुर गाउँपालिका अध्यक्ष यादव भन्छन्, व्यक्तिको नाममा दर्ता भएको जग्गा पुनः सरकारको नाममा फिर्ता आएको छ ।'

मालपोतको मुद्दा फाँटको अनुसन्धानले सो जग्गा चन्द्रकली कुर्मीन र महेन्द्र प्रसाद गोढको नभएको ठहर गरेपछि उनीहरुको नाममा दर्ता गरिएको जग्गाको लालपुर्जा खारेज गरी नेपाल सरकारको नाममा लालपुर्जा बनाएको अध्यक्ष यादवले बताए । सो जग्गामा गाउँपालिकाले १५ शैयाको सुविधा सम्पन्न अस्पताल निर्माण गर्ने योजना रहेको यादवले बताए । यसका लागि छिट्टै निर्णय गरिने उनले जनाए ।

# आगलागीबाट दुई घर जलेर नष्ट

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको दक्षिण-पश्चिम भेगस्थित रामनगर गाउँपालिका -३, भण्डाटोलमा शुक्रबार बिहान आगलागी हुँदा दुईवटा घर जलेर नष्ट भएको छ ।

स्थानीय रामईश्वर दासको खरले छाएको घरमा लामखुट्टे धपाउन बालिएको आगो सल्किएर उनी र छिमेकी रामदेव झाको घर जलेर नष्ट भएको छ । आगलागीबाट दासको घरसहित घरभित्र रहेका केही नगद, कपडा, खाद्यान्नलगायत सबै सामग्री जलेर नष्ट भएको प्रहरीले जनाएको छ ।

घरभित्रै रहेका चारवटा बाख्रा, दुईवटा कुखुरा र केही हाँस जलेर मरेको छ । आगलागीले दासको तीन लाख ५० हजार रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

यस्तै, रामईश्वरकै घरबाट सल्किएको आगोले छिमेकी रामदेव झाको घर तथा घरभित्रका सामग्री जल्दा दुई लाख रुपैयाँ बराबरको क्षति भएको छ । आगलागीपछि दुवै विपन्न परिवार बिचल्लीमा छन् ।

शुक्रबार बिहान अढाइ बजेपछि सुरु भएको आगलागी गाउँले र प्रहरीचौकी खैर्बा बहुअर्वाबाट खटिएको प्रहरी टोली मिलेर दुई घण्टापछि नियन्त्रणमा लिएको सर्लाही प्रहरीका सूचना अधिकारी (डीएसपी) दीपेन्द्र पञ्जियार थारुले जानकारी दिए । २० पालिका रहेको सर्लाहीमा हरिवन र मलङ्गवा नगरपालिकासँग दमकल रहे पनि अन्य पालिकामा दमकल नरहेकाले आगलागी नियन्त्रणमा समस्या पर्दैआएको छ ।

# कृषि विश्वविद्यालय लय समात्दै

**टुडे समाचारदाता**

राजविराज । स्थापनाको पहिलो चरणमै राजविराजस्थित मधेशप्रदेश कृषि विश्वविद्यालयमा सन्तोषजनक रुपमा विद्यार्थीहरुले प्रवेश लिएका छन् ।

२०७७ मंसिरमा स्थापना भएको उक्त विश्वविद्यालयमा प्रथम चरणमा स्नातक तहमा विद्यार्थी भर्ना गरेर अध्यापन सुरु गरिएको छ । हाल अध्ययनरत रहेका ५० विद्यार्थी मध्ये छात्राहरुको संख्या समेत उल्लेख्य रहेको उक्त विश्व विद्यालयका उपकुलपति डा. बैद्यनाथ महतोले जानकारी दिए ।




विश्वविद्यालयका लागि भवन निर्माणका काम समेत अघि बढिसकेको बताउँदै उनले हाल भाडामै रहेको घरबाट कक्षा संचालनको व्यवस्था मिलाइएको जानकारी दिए ।

"भौतिक पूर्वाधारको व्यवस्थासँगै विद्यार्थी संख्या समेत बढेर जानेमा शंका छैन्, उनले भने- 'घरकै भात खाएर छात्रछात्राले कृषिमा प्राविधिक उच्च शिक्षा पाएका कारण यस विश्वविद्यालयले भविष्यमा अझै सफलता प्राप्त गर्नेमा विश्वस्त छु ।"

आगामी दिनमा अनुसन्धानात्मक कार्य समेत गरिने बताउँदै उनले जीविकोपार्जनको मूल आधार कृषि रहेको मधेश प्रदेशमा कृषि विश्वविद्यालय स्थापनाले कृषि क्षेत्रमा समेत उलेख्य सुधार आउने दाबी गरे ।

राजविराजमा मधेश प्रदेश कृषि विश्वविद्यालय स्थापना भएपछि रोजगारीका साथै कृषि क्षेत्रमा उल्लेख्य सुधार आउने प्रेस युनियन सप्तरीका अध्यक्ष विनयलाल कर्णको भनाइ छ ।

सुरुमा कृषि विज्ञानको पढाई थालेको विश्वविद्यालयले पशु स्वास्थ्य विज्ञान, माछा विज्ञान र खाद्य प्रविधि विज्ञान गरी चार वटा संकायको स्नातक तहबाट पढाई हुने गरी तयारी अगाडि बढाएको छ । विश्वविद्यालय निर्माणका लागि राजविराज नगरपालिकाले वडा नं. १३ मा २६ विगहा ८ कठ्ठा १८ धुर जग्गा उपलब्ध गराएपछि गत माघ ८ गते मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादवको उपस्थितिमा जसपा अध्यक्ष उपेन्द्र यादवले भवन निर्माण कार्यको शिलान्यास गरेका थिए ।

> विश्वविद्यालय निर्माणका लागि राजविराज नगरपालिकाले वडा नं. १३ मा २६ विगहा ८ कठ्ठ १८ धुर जग्गा उपलब्ध गराएपछि गत माघ ८ गते मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादवको उपस्थितिमा जसपा अध्यक्ष उपेन्द्र यादवले भवन निर्माण कार्यको शिलान्यास गरेका थिए ।

# आयोजक मदन भण्डारी र आर्मी फाइनलमा

**टुडे समाचारदाता**

जनकपुरधाम । आयोजक मदन भण्डारी स्पोर्ट्स एकेडेमी र विभागीय टोली त्रिभुवन आर्मी क्लब जनकपुरधाममा जारी प्रथम मदन भण्डारी कप राष्ट्रिय महिला हक्की प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ ।

शुक्रबार भएको सेमिफाइनल खेलमा आयोजक मदन भण्डारीले सुदूरपश्चिम प्रदेशलाई ४-३ गोलले हरायो । मदन भण्डारीकी सपना सिंह प्लेयर अफ दि म्याच भए। अर्को सेमिफाइनलमा आर्मीले लुम्बिनी प्रदेशलाई ६-० गोलले हरायो । आर्मीकी सीमा खड्का प्लेयर अफ दि म्याच भए ।

मदन भण्डारी र आर्मीबीचको फाइनल खेल आइतबार हुने नेपाल हक्की सङ्घकी महासचिव सुवर्ण श्रेष्ठले जानकारी दिए । सेमिफाइनलमा पराजित सुदूरपश्चिम र लुम्बिनी प्रदेशबीच शनिबार तेस्रो स्थानका लागि प्रतिस्पर्धा हुनेछ ।

फागुन १४ गतेदेखि सुरु भएको प्रतियोगितामा कर्णाली प्रदेशबाहेकका ६ प्रदेश, त्रिभुवन आर्मी क्लब तथा आयोजक मदन भण्डारी स्पोर्टस एकेडेमी गरी आठ टोलीको सहभागिता थियो ।

प्रतियोगिताको विजेता टोलीलाई एक लाख ५० हजार रुपैयाँ, उपविजेतलाई एक लाख रुपैयाँ तथा तृतीय हुने टोलीलाई ५० हजार रुपैयाँ नगद प्रदान गरिने छ । यस्तै उत्कृष्ट खेलाडीलाई १० हजार र प्लेयर अफ दि म्याचलाई पाँच हजार रुपैयाँ प्रदान गरिने आयोजकले जानकारी दिएको छ ।

# एथलेटिक्स टुर्नामेन्ट सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । निजी विद्यालयहरुको छाता संगठन प्याब्सन र एनप्याब्सनको संयुक्त आयोजनामा आयोजित एथलेटिक्स टुर्नामेन्ट सम्पन्न भएको छ ।

जनकपुरधाम उपमहानगरपालिकास्थित श्रीराम जानकी अन्तर्राष्ट्रिय रंगशालामा आयोजित दुई दिने एथलेटिक्स टुर्नामेन्टमा जनकपुरधामका २२ वटा निजी विद्यालयहरुको सहभागिता रहेको थियो ।

सो टुर्नामेन्टमा ट्र्याक अन्तर्गतको दौड, ज्याब्लिंग थ्रो, शटपुट थ्रो, हाई जम्प र लंग जम्प लगायतका ३ वटा प्रतियोगिता सिनियर ब्याज, सिनियर गर्ल्स, जुनियर ब्याज, जुनियर गर्ल्स गरी चार क्याटोगरीमा आयोजना गरिएको थियो ।

टुर्नामेन्टमा ट्र्याक अन्तर्गत १ सय मिटर, २ सय मिटर, ३ सय मिटर र ४ सय मिटर दौड प्रतियोगिता आयोजना भएको थियो । सो टुर्नामेन्टमा कक्षा १० सम्मका विद्यार्थीहरुको सहभागिता रहेको एनप्याब्सन धनुषाका अध्यक्ष आशिष झाले जानकारी दिए । २२ वटा विद्यालय सहभागी मध्ये जनकपुर पब्लिक स्कूल पहिलो दिनमै कारवाहीमा परेपछि २१ वटा विद्यालयले मात्र टुर्नामेन्टमा भाग लिन पाएका थिए । एक विद्यालयबाट विभिन्न खेलमा गरी ४४ जना विद्यार्थीको सहभागिता रहेको थियो ।




एनप्याबसनका नगरअध्यक्ष दिपक ठाकुरको अध्यक्षतामा सम्पन्न दुई दिने टुर्नामेन्टमा सिनियर ब्याजतर्फ मनोकामना बोर्डिंग स्कूल पहिलो, एर्रे इन्टरनेशनल बोर्डिंग स्कूल दोश्रो, जानकी इग्लिंश बोर्डिंग स्कूल तेश्रो, साउथ प्वाईन्ट बोर्डिंग स्कूल चौथौ स्थान प्राप्त गरेका छन् भने सिनियर गर्ल्सतर्फ एर्रे इन्टरनेशन बोर्डिंग स्कूल पहिलो, विद्यापति बोर्डिंग स्कूल दोश्रो ॐ आरसीएस बोर्डिंग स्कूल तेश्रो र मनोकामना बोर्डिंग स्कूल चौथो स्थान प्राप्त गरेको अध्यक्ष झाले जानकारी दिए ।

यस्तै जुनियर ब्याजतर्फ एर्रे इन्टरनेशन बोर्डिंग स्कूल पहिलो, जानकी बोर्डिंग स्कूल दोश्रो, मनोकामना बोर्डिंग स्कूल तेश्रो र गार्गी मेमोरियल बोर्डिंग स्कूल चौथो स्थान प्राप्त गरेका छन भने जुनियर गर्ल्स जेनिथ बोर्डिंग स्कूल पहिलो, मनोकामना बोर्डिंग स्कूल दोश्रो गार्गी मेमोरियल बोर्डिंग स्कूल तेश्रो र एर्रे इन्टरनेशन बोर्डिंग स्कूल चौथो स्थान प्राप्त गरेको छ ।

टुर्नामिन्टमा विजयी विद्यार्थीहरुलाई समापन कार्यक्रमका प्रमुख अतिथि जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज साह, धनुषा क्रिकेट संघका अध्यक्ष शोभकान्त पाण्डे, एनप्यासबन मधेश प्रदेशका लालजी ठाकुर, जनकपुरधाम १३ का अध्यक्ष जीतनारायण राउत लगायतका व्यक्तिहरुले मेडल तथा ट्रफी प्रदान गरेका थिए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८